जनहितमा जारी

आफ्नो घर वरपर तथा सडकमा सफाइ मापदण्डको पालना गरौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

prateekdaily.com

ठण्डा के कारण यदि पशुपक्षी बिरामी होरह बा त नजिक के पशु चिकित्सालय आ मालजाल के डाक्टर से तुरुन्ते सम्पर्क कके दाबबिरो करल जाओ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ माघ २१ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 February 03 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५९

## पत्रकार महासङ्घ पर्साको २४औं साधारणसभा सम्पन्न

# श्रमजीवी पत्रकारको पक्षमा महासङ्घ क्रियाशील –दाहाल

प्रस, वीरगंज, २० माघ/

नेपाल पत्रकार महासङ्घ पर्सा शाखाको २४औं साधारणसभा सम्पन्न भएको छ ।




वार्षिक साधारणसभा र गोपाल गिरी पत्रकारिता पुरस्कारबाट पुरस्कृत पत्रकार यादव र केसरी । तस्वीरः प्रतीक

नेपाल पत्रकार महासङ्घ, पर्साको नवनिर्मित दोस्रो तलाको सभाहलमा आज वार्षिक साधारणसभाको केन्द्रीय सचिव रामप्रसाद दाहालले उद्घाटन गरे । सो अवसरमा उनले श्रमजीवी पत्रकारहरूको पक्षमा महासङ्घ सदैव क्रियाशील रहेको दाबी गरे । उनले पत्रकारहरूको हकहितको लागि महासङ्घले निरन्तर आन्दोलन गर्दै आएको बताए ।

पत्रकार महासङ्घको निर्वाचन प्रणालीमा यस वर्षदेखि परिवर्तन भएको र प्रत्यक्ष निर्वाचन प्रणालीमा महासङ्घको आगामी निर्वाचन हुने उनले बताए । अबका दिनमा प्रत्यक्ष निर्वाचनमा सबै सदस्यले आफ्नो पदाधिकारी चुन्ने अधिकार सुरक्षित भएको उनले बताए। यस अघि, जिल्ला शाखाबाट पार्षद् निर्वाचित भएर पदाधिकारी चयन गर्ने प्रक्रिया थियो ।

अर्का केन्द्रीय सचिव शीतल महतोले वीरगंजको पत्रकारिताले बिस्तारै फड्को मारिरहेको बताए ।

केन्द्रीय कोषाध्यक्ष राजेश मिश्रले केन्द्रीय समितिमा महिलाको उपस्थिति बढाउन विधान फेरिएको बताए । वर्तमान विधान अनुसार केन्द्रीय कमिटीमा १६ देखि १८ प्रतिशत महिला उपस्थित हुने उनले दाबी गरे ।

उद्घाटन समारोहमा पर्साका प्रमुख जिल्ला अधिकारी आसमान तामाङले कलम चलाउने सिपाहीले विवेकशीलता प्रयोग गर्नुपर्ने सुझाव दिए । उनले गलत समाचारबाट समाज विकृतितर्फ उन्मुख हुने हुँदा कलम चलाउँदा पत्रकारहरूले विवेक प्रयोग गर्न सुझाव दिए ।

नेकपा पर्साका अध्यक्ष प्रभु हजरा, समाजवादी पार्टी, पर्साका अध्यक्ष रामनरेश यादव, नेपाली काङ्ग्रेस पर्साका सचिव श्याम पटेलले व्यक्तिवादी गुणगानभन्दा समाज रूपान्तरणको विषयमा पत्रकारहरूलाई कलम चलाउन सुझाए । उनीहरूले सत्यतथ्य समाचार प्रकाशन गरेपछि समाज असल बाटोमा जाने र पत्रकारिताको गरिमा बढ्ने भन्दै पत्रकारिता पेशालाई बदनाम हुनबाट जोगाउने जिम्मेवारी पनि पत्रकारहरूको भएको बताए ।

उद्घाटनसत्रमा नेपाल पत्रकार महासङ्घका पूर्व केन्द्रीय उपाध्यक्ष जगदीशप्रसाद शर्मा, पूर्व केन्द्रीय सदस्य महेश दास, प्रदेश अध्यक्ष दिपेन्द्र चौहान, उपाध्यक्ष केसी लामिछाने, सदस्य जगत राई, शाखाका पूर्वअध्यक्ष अशोक तिवारी, पत्रकार गिरिश गिरी, फोटो पत्रकार सङ्घका प्रदेश अध्यक्ष पङ्कज श्रेष्ठ, शाखा अध्यक्ष विजय चौहान, विभिन्न सङ्गठनका नीरज पिठाकोठे मगर, अजित भुजेल, आरसी यादव, आशिक अन्सारीलगायतले वार्षिक साधारणसभा सफलतापूर्वक सम्पन्न होस् भन्दै शुभकामना व्यक्त गरेका थिए ।

साधारणसभा उद्घाटन समारोहमा २५ हजार राशिको स्व गोपाल गिरी क्रियाशील पत्रकारिता पुरस्कार प्रदान गरिएको थियो। २०७६ सालको पुरस्कार गोर्खापत्र दैनिकका वीरगंज संवाददाता कन्हैयालाल केसरी र २०७७ सालको पुरस्कार नारायणी टुडेका प्रधान सम्पादक गया यादवलाई कार्यक्रमका प्रमुख अतिथि केन्द्रीय सचिव दाहालले प्रदान गरेका थिए ।

यसैगरी पूर्व केन्द्रीय पदाधिकारी र शाखाका अध्यक्षहरूलाई दोसल्ला ओढाएर प्रमुख अतिथि दाहालले सम्मान गरेका थिए । कार्यक्रम नेपाल पत्रकार महासङ्घ पर्सा शाखाका अध्यक्ष श्याम बन्जाराको अध्यक्षतामा भएको थियो भने सहजीकरण सचिव युवराज खड्काले गरेका थिए ।

# मध्यावधि निर्वाचन भए पर्साका चार गापाका ३ हजार मतदाता वञ्चित हुने

प्रस, सेढवा, २० माघ/

मध्यावधि निर्वाचन वैशाखमा हुने हो भने पर्सा जिल्लाको चारवटा गाउँपालिकाका तीन हजारजना मतदान गर्नबाट वञ्चित हुनेछन् ।







जिल्ला प्रशासन कार्यालय, पर्सा अन्तर्गतको सुपौलीमा रहेको इलाका प्रशासन कार्यालयबाट अहिलेसम्म नागरिकता लिएका तीन हजार नागरिक मतदान गर्नबाट वञ्चित भएका हुन् । जिल्ला प्रशासन कार्यालय, पर्सामा नागरिकता लिएसँगै मतदाता परिचयपत्र बनाउने काम जारी छ तर इलाका प्रशासन कार्यालय, सुपौलीमा अहिलेसम्म सो व्यवस्था नभएकोले त्यहाँबाट नागरिकता लिएका तीन हजार मानिस मतदाता परिचयपत्रबाट वञ्चित हुने भएका हुन् ।

इलाका प्रशासन कार्यालय, सुपौलीबाट थोरै सङ्ख्यामा मात्र मानिसले जिल्ला निर्वाचन कार्यालयमा गएर मतदाता परिचयपत्र बनाएका छन् । नागरिकता लिएसँगै मतदाता परिचयपत्रको लागि फोटो खिचाउने, आवेदन भर्ने काम नहुँदा करीब तीन हजार मानिस मतदाता हुनबाट वञ्चित भएका हुन् । इलाका प्रशासन कार्यालय सुपौलीका शाखा अधिकृत विनयकुमार श्रीवास्तवले नागरिकता बनाउनेहरूलाई मतदाता परिचयपत्रको लागि २०७६ साउनमा जिल्ला निर्वाचन कार्यालय पर्सालाई पत्राचार गरेको बताए । तर उनले निर्वाचन कार्यालयबाट कर्मचारीको टोली सुपौलीमा नआएको हुँदा मतदाता परिचयपत्र बन्न नसकेको बताए ।

जिल्ला निर्वाचन कार्यालय, पर्साका निर्वाचन अधिकृत रञ्जीता झाले कर्मचारी अभावमा इलाका प्रशासन कार्यालय, सुपौलीमा मतदाता परिचयपत्रको काम हुन नसकेको बताइन्। उनले कर्मचारी व्यवस्थापनको लागि निर्वाचन आयोगमा पत्राचार गरेको जानकारी गराइन्। अहिले निर्वाचनको मिति घोषणा भइसकेको कारण यस सम्बन्धमा आयोगले कुनै निर्देशन नगरेको उनले बताइन् ।

# सिंघाही र भेडाहा खोला उत्खननमा रोक

प्रस, वीरगंज, २० माघ/

ठेकेदारद्वारा भेडाहा खोला तथा सिंघाही खोलाबाट गिट्टी, बालुवा, ढुङ्गा नियमविपरीत उत्खनन गरेको भन्दै स्थानीय प्रशासनले हिजोदेखि रोक लगाएको छ ।



खोलाको चरम दोहन भएपछि भासिन लागेको रूख र अनुगमन गर्दै टोली । तसवीरः प्रतीक

चालू आवमा महानगरभित्र पर्ने भेडाहा र पर्सागढी नगरपालिकामा पर्ने सिंघाही खोला टेन्डर सकार गर्दा शर्त बमोजिम गिट्टी, बालुवा, ढुङ्गा उत्खनन नगरेको भन्दै रोक लगाएको अनुगमन समितिका संयोजक तथा जिल्ला समन्वय समिति पर्साका सभापति नेकमहम्मद अन्सारीले जानकारी गराए । उनका

(बाँकी पाँचौं पातामा)

# ९ जना शहीद परिवारलाई रोजगार

प्रस, वीरगंज, २० माघ/

प्रदेश २ को भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले मधेस आन्दोलनका शहीद परिवारका ९ जनालाई आज नियुक्ति दिएका छन् ।



मन्त्री सोनल र शहीदका परिवारजनलाई नियुक्तिपत्र दिंदै सचिव साह । तस्वीरः सौजन्य

मधेस आन्दोलनमा शहीद भएका 'एक परिवार, एक रोजगार' अन्तर्गत आफ्नो मन्त्रालय अन्तर्गत विभिन्न कार्यालयमा काम गर्नेगरी योग्यता र क्षमताका आधारमा ९ जना शहीद परिवारलाई रोजगार दिएको मन्त्री सोनलका स्वकीय सचिव रमेश सर्राफले बताए ।

आज मधेस भवन जनकपुरधाममा रहेको भौतिक पूर्वाधार मन्त्रालयमा सचिव रामाधार साहले शहीद वीरबल मुखिया बिनका छोरा सुखाडी मुखिया

(बाँकी पाँचौं पातामा)

सम्बन्ध नशा बन्न पुग्दछ, कहिले यो सजाय बन्न पुग्दछ, तर निर्वाह गर्न सक्ने हो भने 'बाँच्ने कारण' पनि बन्दछ।

-विचारसार र सूक्तिहरू


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# कोरोनाविरुद्ध खोप शुरू

**देशमा कोरोना (कोभिड १९) विरुद्ध खोप शुरू भएको छ। आइतवार पर्सा जिल्लामा पनि खोप शुरू गर्दै पहिलो चरणको छनोटमा स्वास्थ्यकर्मीहरू परेका र जिल्लाको तीन ठाउँमा केन्द्र बनाई सोही दिन १५५० जनालाई खोप दिइएको छ। खोपको प्रभावकारिता शतप्रतिशत नभए पनि विश्व सङ्गठनले स्वीकृत गरेको मापदण्ड अनुसारको खोप भएकोले यसले प्रतिकूल असर नपार्ला भन्ने विश्वासका साथ स्वास्थ्यकर्मीहरूलाई खोप दिइएको छ। मानव समुदायलाई ठूलो त्रास दिएर महामारीकै रूप लिएको यस रोगविरुद्ध खोप लगाउन शुरू हुनुले सबैमा मानसिक राहत पुगेको छ। किनकि कोरोनाकालको ठूलो विडम्बना मानसिक त्रास नै थियो। यसै त्रासको प्रत्यक्ष कारणले धेरैले र केहीले अप्रत्यक्ष कारणले आत्महत्या पनि गरेका थिए। प्रत्यक्ष कारण रोग लाग्ने भय थियो भने अप्रत्यक्ष कारण, रोग प्रतिरोधको नाममा गरिएको लामो लकडाउन। लामो लकडाउनका कारण गरिखाने वर्गलाई नराम्ररी प्रभावित पार्‍यो। धेरैले भोकरूपी दुस्सह विपत्तिको सामना गर्न नसक्दा मृत्यु वरण गरे। यद्यपि कोरोनासँग बाँच्ने मनोविज्ञान विकसित भइसकेकोले मानिसहरूले सहज जीवन बाँच्न थालिसकेका थिए।**

**खोपले सबैलाई राहत दिएको छ। ढिलो-चाँडो सबै, सरकारको सहयोग वा आफैं खरीद गरेर पनि खोप लगाएर यस भयबाट मुक्त हुनेछन्। तर नेपालको संविधानले स्वास्थ्यलाई पनि मौलिक अधिकार अन्तर्गत राखेकोले नेपाली नागरिकलाई आफूखुशीबाहेक खोपका लागि सरकारले नै पहल गर्नुपर्दछ। यद्यपि अहिलेको नेपालको राजनीतिक वातावरण त्यस अनुकूल छैन। सरकार जहिले पनि दाताहरूको दयाको आकाङ्क्षी रहने गरेको छ। भारतले पहिलो खेपमा १० लाख मात्रा खोप दिएको छ। उत्तरी छिमेकी चीनले पनि तीन लाख मात्रा दिने घोषणा गरेको छ। यो भनेको देशको जनसङ्ख्याको ४ प्रतिशतलाई मात्र पुग्ने खुराक हो। सरकार स्वयं चनाखो भएन र सहायता वा खरीद, जुन छिटो हुन्छ, नागरिकलाई उपलब्ध गराएन भने देशमा असन्तोष व्याप्त हुन सक्दछ। यसै पनि नेपाली जनमानस आवश्यक नभए पनि निश्शुल्क चीज पाउन तँछाड मछाड गर्ने चरित्रको भएको हुँदा यो आवश्यक खोपका लागि प्रतीक्षा गर्ने वा पालो कुर्ने छैन। असन्तोष व्यक्त गर्नेछ, आक्रोश पोख्नेछ र राजनीतिका साथसाथै देशमा जन असन्तोषको लहर उठ्ने छ।**

**राज्यस्तरबाट दिने सुविधा स्थिर सरकारबाट मात्र सम्भव हुन्छ। अहिले सरकार अस्थिर छ। सबै छाडी पुच्छरमा हात भनेजस्तै के सरकार, के प्रतिपक्षी दल राजनीतिबाट प्रभावित छन्। जो मारे सो मीर भनेजस्तै सबै राजनीतिक दलको ध्याउन्न सत्तामा टाँसिएकोले सरकारले निर्वाह गर्न नसकेको काममा अघि सरेर जनताको पक्षमा बोल्छ भन्ने आशा अहिले निरर्थक नै देखिन्छ। सबभन्दा महत्त्वपूर्ण कुरा हो औषधिको उपलब्धता। यसै पनि औषधि निर्माता कम्पनीहरूसँग अहिले सबैलाई पुर्‍याउन सक्ने औषधि मौज्दात छैन। बनाउँदै जाने र बिक्री गर्दै जाने हो। त्यसमा हुनेखाने र जनउत्तरदायी सरकारको पालो मिचेर मागेर काम चलाउने तथा अस्थिरताको भुमरीमा फसेको नेपालजस्तो मुलुकलाई कसले यथेष्ट मात्रामा औषधि उपलब्ध गराउने? तर पनि आशावादी हुनुपर्छ, सरकारले पनि आफ्ना समस्याका साथ यस प्रकारको कर्तव्यनिर्वाहलाई प्राथमिकता दिनुपर्छ।**

# जाग्यो काङ्ग्रेस

स्वतन्त्र विचार



विनोद गुप्ता

**सातवटा प्रदेशबाट जम्माजम्मी सयवटा स्टार्ट अप छान्ने र त्यसमा पनि अनुभव भएकालाई प्राथमिकतामा राख्ने कुरा नेपाली काङ्ग्रेसजस्तो ठूलो जनाधार भएको पार्टीको लागि सुहाउँदो नहुने र यो लाभप्रदभन्दा प्रत्युत्पादक हुन सक्नेतर्फ ध्यान आकृष्ट गराएको थिएँ।**

नेपाली काङ्ग्रेसले लगानी, पूर्वाधार र रोजगार: दृष्टिकोण एवं दिगो परियोजना केन्द्रित विशेष समिति, गरिखाने अभियान उद्योग व्यवसायी छनोट तथा परियोजनाको लागि आवेदन एवं सिफारिशसम्बन्धी अवधारणा माघ १४ गते प्रदेश नं. २ को वीरगंजमा सार्वजनिक गरेको छ, जस अनुसार नेपाली काङ्ग्रेसको लगानी, पूर्वाधार र रोजगार: दृष्टिकोण एवं दिगो परियोजना केन्द्रित विशेष समितिले राष्ट्रव्यापी उद्यमशीलता विकास र रोजगार सिर्जना गर्न 'गरिखाने कार्यक्रम'को अभियान शुरू गरेको छ। गरिखाने कार्यक्रम स्वनिर्भर, उद्यमशील, आर्थिक हिसाबले सबल र सक्षम बन्न चाहने हरेक नेपालीको अभियान हो। यो अभियानको उद्देश्य उद्यमशील बन्न चाहनेलाई सीप, पूँजी, प्रविधि, बजारसँग जोड्ने र रोजगारी हुन चाहनेलाई सीप र रोजगारका अवसरसँग आबद्ध गर्ने हो। उद्यमको आकार/आयतन बढाउन चाहनेलाई पनि आवश्यकता अनुसार पूँजी, प्रविधि, सीप र बजारको लागि सहयोग गर्ने पनि यस अभियानको कार्यक्रम रहेको छ। यस अभियानले राष्ट्रिय अर्थतन्त्रमा सबल, सुदृढ, समावेशी र दिगो आर्थिक वृद्धिदरको मार्ग प्रशस्त गर्नेछ।

देशका हरेक कुनामा अब यो अभियान पुग्नेछ, यसका जुझारु अभियन्ताहरू उद्देश्य प्राप्तिमा निरन्तर सक्रिय रहनेछन्। नेपाली काङ्ग्रेसले मुलुकमा उद्यमशीलता प्रवर्द्धन, लगानी प्रोत्साहन र संरक्षण, ठूला पूर्वाधारहरूको विकासमार्फत आर्थिक सम्भावना उजागर गर्ने कार्यलाई सधैं प्राथमिकतामा राख्दै आएको परिप्रेक्ष्यमा राष्ट्रव्यापी यो अभियानबाट गाउँ-गाउँमा उद्यमीहरू जन्मने छन्। यही अभियानबाट स्टार्ट-अप्सहरूले भोलि विश्वव्यापी पहिचान पाउने व्यवसायको जन्म होस् भन्ने सदिच्छासमेत यस कार्यक्रमले राखेको छ।

कोभिड-१९ महामारीपछि उद्यम, व्यवसाय, रोजगारमा परेको सङ्कटलाई सम्बोधन गर्दै शुरू हुने यो राष्ट्रव्यापी अभियानमार्फत नेपाली काङ्ग्रेसले यो अभियानलाई निरन्तर अघि बढाउने छ। शुरूआती चरणमा हामीले सातै प्रदेशलाई समेट्नेगरी १०० ओटा गरिखाने परियोजना अघि बढाउन लागिएको छं। उद्योग, व्यवसाय र व्यापार गर्ने सोच भएका, सञ्चालन गर्दै आएका र यसलाई नयाँ उचाइमा पुर्‍याउने लक्ष्य लिएका व्यक्ति वा समूहलाई वित्त, पूँजी, प्रविधि र बजारमा पहुँच स्थापित गर्नुका साथै रोजगार सिर्जना गर्न यो अभियान क्रियाशील हुनेछ।

उद्देश्य

- सम्भावित उद्यमी, नवीन उद्यमी तथा विस्तार र वृद्धिको सम्भावना बोकेका उद्यमीको पहिचान गर्ने।
- पहिचान गरिएको सम्भावित उद्यमी, नवीन उद्यमी र तथा उद्यमी, व्यवसायीलाई बैंक तथा वित्तीय संस्था, लगानीकर्ता, सरकार र विकास साझेदारहरूसँग जोड्ने
- उद्यम, उद्यमी, लगानी तथा लगानीकर्ताको समन्वय हुने आधार निर्माण गर्ने
- विदेश/वैदेशिक रोजगारबाट फर्केका युवालाई उद्यमशीलता शुरू गर्न प्रोत्साहन गर्ने
- बेरोजगारी युवालाई रोजगारको अवसर, ज्ञान तथा सीप एवं स्रोतसँग जोड्न समन्वय गर्ने

यस पृष्ठभूमि र उद्देश्य अनुरूप, हामीले सातै प्रदेशबाट गरी प्रथम चरणमा १०० जना सम्भाव्य उद्यमी, व्यवसायीहरूको खोजी भइसकेको छ। कृषि र यससँग सम्बन्धित परियोजना, उत्पादनमूलक क्षेत्र, पर्यटन, प्रविधि, शिक्षा, स्वास्थ्य तथा अन्य क्षेत्रका परियोजनाहरूका लागि अन्यले पनि आवेदन दिन सक्नेछन्।

१०० ओटा स्टार्टअप्स (शुरू उद्यमी) छनोट गर्दा निम्न विषयमा ध्यान दिइनेछ।

- एउटा उद्यमीको रूपमा उद्यम, उद्यमशीलताको यात्रालाई नेतृत्व दिन सक्ने, सुदृढ, प्रतिबद्ध व्यक्ति हुनुपर्नेछ।
- उद्यम/व्यवसाय सञ्चालनको अनुभव भएका र यससम्बन्धी सीप तथा ज्ञान भएकालाई प्राथमिकता दिइने छ।
- इकोसिस्टम (पारिस्थितिकी)- यहाँको समुदायसँग काम गर्ने मूल्य शृङ्खलाका हरेक पक्षसँग सुदृढ सम्बन्ध भएको हुनुपर्नेछ।
- अर्थतन्त्रमा योगदान- परियोजना/स्टार्ट अप्स आकर्षक र उच्च वृद्धि/विस्तारको सम्भावना, रोजगार सिर्जना गर्ने र सरकारले प्रथमीकरण गरेको उत्पादनमूलक क्षेत्र हुँदा राम्रो हुन्छ।

उक्त आवेदनमध्येबाट सयवटा परियोजना छनोट गर्ने अन्तिम अधिकार गरिखाने अभियानको सचिवालयमा निहित रहने छ भनेर कार्यक्रममा उपलब्ध गराइएको पर्चाबाट ज्ञात भयो।

निर्धारित समयभन्दा अत्यन्त ढिलो शुरू भएको यस कार्यक्रमबारे चर्चा गर्दा थुप्रै कुरा सम्झनामा आइरहेका छन्। २०१२ सालको नेपाली काङ्ग्रेस वीरगंज महाधिवेशनले नै सर्वप्रथम समाजवादलाई अङ्गीकार गरेको हो। त्यो समाजवादलाई महामानव स्व. विपी कोइरालाले नेपालको समाजवाद भनेको, प्रत्येक गरीब नेपालीको घरमा एउटा दूध दिने गाई होस् भनेर परिभाषित गरेका थिए। तर प्रजातन्त्र स्थापनापश्चात् दुई-तीन वर्ष सही दिशामा प्रयास भए पनि त्यसपछि राजनैतिक अस्थिरताका कारण यस दिशामा प्रयास भएन। नेपाली काङ्ग्रेसका नेताहरूले त्यस पछाडिका दिनमा माछा मार्ने प्रविधि सिकाउने कुरामा जोड दिन थाले र अन्तत: कलबलगुडी सम्मेलनबाट समाजवादलाई नेपालको सन्दर्भमा उन्नतिको समान अवसरको रूपमा परिभाषित गरेको देखिन्छ। तर यो परिभाषापश्चात् पनि यस दिशामा सही प्रयास भने हुन सकेको थिएन। २१ औं शताब्दी अर्थ-राजनीतिको शताब्दी भएको सबैले महसूस गरेको भए पनि नेपाली काङ्ग्रेसले नेपालकै राजनैतिक इतिहासमा पहिलोपटक यस्तो कार्यक्रमको थालनी गरेको छ। प्रदेश २ मा २५ प्रतिशत र कर्णालीमा ४५ प्रतिशत गरीबी अझै विद्यमान रहेको यो अवस्थामा गरीबीको राष्ट्रिय औसत १९ प्रतिशत भन्ने गरिए पनि अहिले कोभिडका कारण १६ लाख गरीबहरू थपिएको र करीब ६० लाख युवा रोजगारको अवसर पर्खिरहेको अवस्था हाम्रो देशको छ। गत वर्ष गरिएको औद्योगिक गणना अनुसार नेपालमा ९.५ लाख व्यावसायिक प्रतिष्ठानहरू रहेको र तीमध्ये पचास प्रतिशत मात्र आधिकारिक वा भनौं दर्ता भएको रहेको छ। यसमध्ये दर्ता भएका प्रतिष्ठानहरूमध्ये ४०-५० प्रतिशत नियमित सञ्चालनमा आउन नसकेका तथा विभिन्न समस्याका कारण बन्द भएको अनुमान छ भने दर्ता नभएका प्रतिष्ठानमा कति खुले, कति बन्द भए त्यसको कुनै आधिकारिक जानकारी छैन/हुँदैन।

कार्यक्रममा सहभागीहरूलाई आफ्नो भनाइ राख्ने अवसर दिइएको क्रममा विभिन्न वक्ताहरूले आआफ्नो विचार राखेका थिइ। यस क्रममा सबभन्दा बढी बैंकहरूको व्यवहार चर्चामा रह्यो। नीति नियम भए पनि बैंकहरूले नव उद्यमलाई प्रोत्साहित गर्न नखोजेको र महिला उद्यमीहरूप्रति राखेको उपेक्षा पनि चर्चामा रहेको थियो। पङ्क्तिकार पनि कार्यक्रममा सहभागी भएकोले मेरो ध्यान स्टार्ट अपहरूको सङ्ख्या र उद्यम व्यवसाय सञ्चालनको अनुभव भएकालाई प्राथमिकता भन्ने लाइनमा केन्द्रित भयो। यसै अनुरूप आफूले देशभरिको सातवटा प्रदेशबाट जम्माजम्मी सयवटा स्टार्ट अप छान्ने र त्यसमा पनि अनुभव भएकालाई प्राथमिकतामा राख्ने कुरा नेपाली काङ्ग्रेस जस्तो ठूलो जनाधार भएको पार्टीको लागि सुहाउँदो नहुने र यो लाभप्रदभन्दा प्रत्युत्पादक हुन सक्नेतर्फ ध्यान आकृष्ट गराएको थिएँ। मैले सुझावकै क्रममा सातवटै प्रदेशमा 'गरिखाने अभियान' को कार्यालय स्थापना गरी प्रत्येक गाउँपालिकामा ५, नगरपालिकामा १०, उपमहानगरपालिकामा २०-२५ र महानगरपालिकामा ४०-५० वटा स्टार्टअप स्थापना एवं नियमन र अनुगमन गर्ने गरी तन्त्र बनाउनुपर्ने सुझाव दिएको थिएँ। सुझावकै क्रममा महिलाहरूलाई यसमा ३३ प्रतिशत सहभागिता दिनुपर्ने कुरासमेत उठेको थियो।

कार्यक्रमको अन्त्यमा आफ्नो मन्तव्य राख्ने क्रममा अभियानका संयोजक एवं प्रतिष्ठित उद्योगपति एवं पूर्वसांसद विनोद चौधरीले अभियानले सङ्ख्या निर्धारण नगरेको र अहिले नै ५ सय स्टार्टअपहरूलाई सहयोग गर्नेगरी वित्तीय संस्थाहरूसँग समन्वय भइसकेको जानकारी गराउँदै हेटौंडामा मात्रै दुई सय स्टार्टअपहरूको आवेदनबाट आफू अत्यन्त उत्साहित भएको बताउँदै देशको अर्थतन्त्र र विकासमा देखिएको अवरोधको लागि ब्युरोक्रेसी सबभन्दा ठूलो अवरोध रहेको बताए। उनले यस कार्यक्रमलाई सफल बनाइछाड्न आफ्नो टोली प्रतिबद्ध रहेको बताउँदै कार्यक्रमको समापन गरेका थिए।

प्रदेश २ को हकमा बेमौसमी तरकारी खेती, शिक्षातर्फ प्लेग्रुप विद्यालय, स्वास्थ्य केन्द्रका साथै चिप्स तथा मसलाहरू गुणस्तरीयतासहित सुपथ मूल्यमा पैकेजिङका साथै आइटीसँग जोडिएका प्रतिष्ठानहरूको साथै एनसेलले काठमाडौंमा शुरू गरेको जबसम्बन्धी एप जस्तै सेवा प्रदायक एपहरू लाभदायक हुन सक्छन्। यसबाट लाभ उठाउन चाहनेहरूका लागि आवेदन फारम भर्न https://forms.gle/5pj7ygUyWyRj2vjX9 मा सम्पर्क गर्न एवं आवेदन फर्म भर्न कुनै कठिनाइ भएमा कर्मभूमि समाज, हात्तीवन, ललितपुरमा राजु नेपाल मो. नं. ९८०१०२००८८ र इमेल rajunepal@gmail.com उल्लेख गरिएको छ।

# २०७८ का लागि १४ पात्रोलाई प्रकाशन स्वीकृति

काठमाडौं, २० माघ/रासस

नेपाल पञ्चाङ्ग निर्णायक समितिले विसं २०७८ का लागि १४ पात्रो (पञ्चाङ्ग) लाई प्रकाशन स्वीकृति दिएको छ। आगामी वर्षका लागि तोयनाथ पन्तको पञ्चाङ्ग, बाबुराम पञ्चाङ्ग, नरनाथ पञ्चाङ्ग, हिमाल पञ्चाङ्ग, अठोला पञ्चाङ्ग, तारकेश्वर पञ्चाङ्ग, सूर्य पञ्चाङ्ग, आकाश दर्शन पञ्चाङ्ग, बगलामुखी पञ्चाङ्ग, शुभ पञ्चाङ्ग, बाबा गोरखनाथ पञ्चाङ्ग, कीर्ति पञ्चाङ्ग, सिद्धि पञ्चाङ्ग, खप्तड तारानाथ पञ्चाङ्गलाई स्वीकृति दिइएको समितिका सदस्य सचिव सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिए।

विगत वर्षमा पुस अन्तिम साता नै पात्रो (पञ्चाङ्ग) प्रकाशन भइसक्ने गरेकोमा यस वर्ष कोरोना महामारीका कारण पञ्चाङ्गकार जम्मा भएर रूजु गर्न समस्या भएकोले काममा ढिलाइ भएको थियो। ढिलो गरी काम शुरू गरिरहेका बेला मन्त्रिपरिषद्ले समितिको गठन आदेश स्वीकृत गरेपछि काम गर्ने कि नगर्ने अलमल भएकोले पनि अर्को तीन हप्ता ढिला भएको उनले जानकारी दिए।

पुस २० गते मन्त्रिपरिषद्ले समितिको गठन आदेश स्वीकृत गरेको थियो। विसं २०७० मा वर्तमान समितिलाई, नयाँ समिति गठन आदेश स्वीकृत नभएसम्मका लागि काम गर्नु भनी नियुक्तिपत्र दिइएको अध्यक्ष एवं धर्मशास्त्रका जानकार प्राडा रामचन्द्र गौतमले बताए। यही पत्रका आधारमा पुस २१ पछि समितिको काम ठप्प भएको थियो। माघ पहिलो साता संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भानुभक्त ढकालले मन्त्रीस्तरीय निर्णय गरी अर्को समिति गठन नभएसम्म विसं २०७८ को पात्रो प्रकाशन र नियमित काम वर्तमान समितिबाटै चलाउने निर्णय गरेको पत्र पुगेपछि फेरि काम शुरू भएको थियो।

समितिले सकेसम्म श्रीपञ्चमी, नसके प्रजातन्त्र दिवसका अवसरमा फागुन ७ गतेसम्म पात्रो प्रकाशन गरिसक्ने जनाएको छ। १४ वटा पात्रोलाई प्रकाशनका लागि सैद्धान्तिक स्वीकृति दिने निर्णय भए पनि पञ्चाङ्गभित्र राखिने सामग्रीबारे अहिले पनि छलफल चलिरहेको छ। पात्रोमा राखिने तिथि, वार, योग, नक्षत्र र करण गरी पाँच समूहलाई पञ्चाङ्ग भनिन्छ।

पछिल्लो समय सामान्य मानिसले पनि बुझून् भनी घडीपलालाई बजेमा रूपान्तरण गरेरसमेत पात्रोमा राखिने गरेको छ। पात्रोलाई अझै सुधार गर्नुपर्ने माग पनि उठ्ने गरेको छ। यस वर्ष समितिले पनि आधिकारिक पञ्चाङ्ग निकाल्ने भएको छ। पञ्चाङ्गलाई स्वीकृति दिएपछि समितिको आधिकारिक पञ्चाङ्गबारे मन्त्रालयमा छलफल गरी काम अघि बढाइने जनाइएको छ।

मन्त्रालयले यस वर्ष समितिको आधिकारिक पञ्चाङ्ग निकाल्न पनि बजेट विनियोजन गरेको छ। आगामी वर्षदेखि समितिले भित्तेपात्रोलाई व्यवस्थित गर्ने भएको छ। समितिको स्वीकृतिमा पात्रो निस्किएपछि त्यही सारेर भित्तेपात्रो प्रकाशन हुने गरेकाले त्यसलाई व्यवस्थित गर्न लागिएको हो।

सूचना तथा प्रसारण विभागले मात्र समितिको स्वीकृतिमा भित्तेपात्रो प्रकाशन गर्ने गरेको अध्यक्ष गौतमले बताए। अन्य भित्तेपात्रो पात्रो सारेर प्रकाशन हुने गरेकाले प्रतिलिपि अधिकारसम्बन्धी कानून अनुसार कारबाई प्रक्रिया अघि बढाउने विषयमा पनि छलफल भएको समितिले जनाएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४४८

# विद्युत् प्राधिकरण वीरगंजको १ अर्ब २० करोड बक्यौता

प्रस, परवानीपुर, २० माघ/

नेपाल विद्युत् प्राधिकरण वितरण



तस्वीरः फाइल

केन्द्र वीरगंजको बक्यौता दिन प्रतिदिन बढ्दै गएको छ। केन्द्रले बक्यौता बुझाउन प्रभावकारी कदम नचाल्दा हालसम्म दुई अर्बको हाराहारीमा बक्यौता देखिएको छ । केन्द्रका लेखापाल राजेशकुमार झाका अनुसार हालसम्म वितरण केन्द्र वीरगंजको बक्यौता १ अर्ब ९० करोड ३५ लाख ९४६ हजार ३ सय ९५ रुपियाँ रहेको देखिएको छ। वीरगंज महानगरको ३२ वटा वडा र बारा, परसौनी गाउँपालिका गरी कुल १३ हजार ७ सय ६० जना ग्राहकसँग त्यति रकम असुल उपर गर्नुपर्ने देखिएको उनले बताए। यी ग्राहकबाट रु ५ रुपियाँमाथिको शुल्क लिनुपर्ने देखिएको छ। त्यसैगरी १ लाख माथिका करीब ९०८ जना ग्राहकले बक्यौता राखेका छन् भने ५ लाख माथिको शुल्क नबुझाउने ग्राहकहरूमा ७१ जना रहेका छन् ।

१० लाख माथिका २८ जना ग्राहक रहेको वितरण केन्द्र वीरगंजका प्रमुख शम्भुराय कुशियतले जानकारी गराए। उनका अनुसार बक्यौता राख्नेमा वीरगंज महानगर, केही सरकारी उद्योग एवं संस्था र अन्य ठूला औद्योगिक प्रतिष्ठान पनि छन् । पटकपटक सूचना प्रकाशित गरी बक्यौता बुझाउन ताकेदा गर्दा पनि बक्यौता नबुझाउँदा करीब दुई अर्ब बक्यौता बढ्दै गएको उनको दाबी छ । वीरगंज महानगर क्षेत्रमा विद्युत् पोल गाडेर सेवा दिएको भन्दै त्यसको कर पनि वितरण केन्द्रले दिनुपर्ने तर्क राख्दै महसूल बुझाउन आलटाल गर्ने गरेको उनले बताए । कतिपय ग्राहकको लाइन काटिए पनि आफ्नो बाउ–बाजेको नामको बाँकी महसूल बुझाउन नयाँ पुस्ताले चासो नदिएको वितरण केन्द्र वीरगंजले बताएको छ ।

हरेक महीना करीब २० लाख बक्यौता बढ्दै गएको देखिन्छ । चालू आवको पछिल्लो ६ महीना अर्थात् साउनदेखि पुस मसान्तसम्म १ करोड २० लाख बक्यौता उठाउने दायित्व बढेको केन्द्रका लेखापाल झाको भनाइ छ। उनका अनुसार चालू आवको साउनदेखि पुस मसान्तसम्म कुल खपत युनिटको बिक्री महसूलको तुलनामा महसूल सङ्कलन ४ प्रतिशतले कम भएको छ । सो अवधिमा केन्द्रले १ अर्ब ७० करोड २२ लाख ७४ हजार २ सय २५ रुपियाँ बराबरको १ अर्ब ६७ करोड ४७ लाख ४ हजार १ सय ९५ युनिट बिजुली बिक्री गरेकोमा जम्मा ९५.७८ प्रतिशत अर्थात् १ अर्ब ६३ करोड ३ लाख ५४ हजार १ सय ७५ रुपियाँ मात्र पुस मसान्तसम्म सङ्कलन भएको छ । कुल बिक्रीको तुलनामा ७ करोड १९ लाख २० हजार ५० रुपियाँ कम महसुल सङ्कलन भएको छ ।

गत साउनदेखि पुससम्म सङ्कलन गर्न पाएको लक्ष्य १ अर्ब ७० करोड २२ लाख ७४ हजार २ सय २५ मध्ये २ करोड ७५ लाख ७० हजार ३० रुपियाँ न्यूनतम शुल्क बापतको रकम हो। चालू आवको पछिल्लो ६ महीनामा कोरोना महामारीका कारण लाइन नकाटिएको, उद्योग व्यवसाय नचल्दा बिजुली उपभोक्ताले पूरा महसूल नबुझाएको, काउन्टरमा आएर भीडभाडबीच महसूल बुझाउन डराउने जस्ता कारणले बक्यौता तिर्न समस्या भइरहेको कार्यालयको विश्लेषण छ।

# मेडिकल फोहर उपचार प्लान्ट निर्माण हुँदै

प्रस, वीरगंज, २० माघ/

वीरगंज महानगरपालिका अन्तर्गत


प्लान्टको अनुगमन गर्दै नगरप्रमुख सरावगीलगायत । तस्वीरः प्रतीक

सञ्चालित फोहरमैला व्यवस्थापन केन्द्र नगवाको हाताभित्र मेडिकल वेस्ट ट्रिटमेन्ट प्लान्ट निर्माण कार्य तीव्र गतिमा भइरहेको छ।

राष्ट्रिय योजना आयोगको रु ७ करोडको लगानीमा निर्माण हुने ट्रिटमेन्ट प्लान्ट चालू आवको मसान्तभित्र सम्पन्न हुने नगरप्रमुख विजय सरावगीले जानकारी गराए । आज अनुगमनको क्रममा नगरप्रमुख सरावगीले कामको प्रगति सन्तोषजनक रहेको र चाँडै निर्माण सम्पन्न हुने दाबी गरे । अस्पतालबाट निस्किने फोहर व्यवस्थापन गर्न आयोगले विशेष अनुदान स्वरूप वीरगंज महानगरपालिकालाई सो रकम उपलब्ध गराएको उनले बताए।

प्लान्ट निर्माण भएपछि अस्पतालबाट निस्किने फोहरबाट हुने विभिन्न किसिमका बिमारी, सङ्क्रमण रोकिने उनले बताए । फोहरमैला व्यवस्थापन केन्द्रको जग्गामध्ये तीन कठ्ठामा दुईवटा मेशिन र प्रशासन भवन रहने योजना शाखाका इन्जिनीयर राकेश साहले बताए। मुख्यरूपमा बायो–डाइजेस्ट तथा अटो–क्लेभ दुईवटा अटोमेटिक मेशिनले फोहर व्यवस्थापन गर्ने उनले बताए।

# हुलासको अर्को आयरन स्टील सञ्चालनको तयारीमा

प्रस, परवानीपुर, २० माघ/

गोल्छा समूहको हुलास आयरन



इन्डस्ट्रिज प्रालि पर्सामा स्थापना भएको छ।

वीरगंज–पोखरिया सडकखण्डमा गर्दौल नजीकै विन्दवासिनी गाउँपालिकामा यो उद्योग स्थापना भएको हो। कोरोना महामारीले गत वर्ष नै सञ्चालन गर्ने लक्ष्य राखिए तापनि आगामी वैशाखको अन्तिम सातादेखि उद्योगको अन्तिम चरणको काम सकिने छ।

उद्योग विभागका अनुसार ८९ करोडको लागतमा निर्माण हुने उद्योगमा कोरोना महामारीले काम लम्बिंदा करीब १ अर्बको लगानी लाग्ने अनुमान छ । उद्योगमा गोल्छा समूहका हुलासचन्द्र गोल्छाका नाति शरद गोल्छाले लगानी रहेको छ। शरद चन्द्रकुमार गोल्छाका छोरा हुन्। १८ विघा क्षेत्रफलमा फैलिएको उद्योगको निर्माण तीन वर्ष पहिले शुरू भएको थियो।

वार्षिक ८० हजार टन फलामजन्य निर्माण सामग्री उत्पादन गर्ने लक्ष्य राखेको उद्योगले पाइप, जस्तापाता, वायर–बोल्डर तारजालि, एङ्गल उत्पादन गर्ने बताइएको छ। उद्योग व्यवस्थापन हेर्ने एकजना अधिकारीले भने–"कोभिडले उद्योग सञ्चालनमा करीब एक वर्ष ढिलाइ भयो, १० प्रतिशत काम बाँकी छ, अबको अढाई महीनामा काम सकेर उत्पादन थाल्नेछौं।" उद्योगको भौतिक संरचना पूरा भए तपानि मेशिनको सेटिङ र फिनिसिङ भइरहेको छ।

दैनिक ५० जनाभन्दा प्राविधिक काम सम्पन्न गर्न जुटेका छन्। हुलास स्टील प्रालि सिमराबाट केही मेशिन र केही मेशिन भारत तथा तेस्रो मुलकबाट भित्र्याइएको छ । उद्योगले आधुनिक प्रविधि भित्र्याएको बताएको छ । वीरगंज–पोखरिया सडकखण्डमा हाल सम्म निर्माण भएको यो सबैभन्दा ठूलो लगानीको स्टील उद्योग हो।

उद्योग स्थापनापछि सो भेगका करीब एक हजार युवाले रोजगार पाउने विश्वास छ–विन्दवासिनी गाउँपालिकाका अध्यक्ष श्रीलाल साह 'मोदी'ले बताए। उनले भन–"हामी उत्साहित छौं, यस्तो उद्योग पद्म रोडमा स्थापना भएको छ, यसले यस भेगको जग्गाको भाउ पनि अकाशिएको छ भने अन्य ठूला आयोजनाका उद्योग स्थापना गर्ने बल मिल्छ।"

पहिले पद्म रोडमा राइस मिलमात्र थिए, अब ठूला घरानाले पनि उद्योग लगाउन थाल्नु खुशीको कुरा भएको पोखरिया नगरपालिकाकी उपमेयर सलमा खातुनले बताइन्।


मनोमहक छहरा खोला झरना म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ मा अवस्थित छहराखोला झरना । तस्वीरः रासस

# प्रदेश २ को प्रथम आवधिक योजना सार्वजनिक

प्रस, जनकपुरधाम, २० माघ/

प्रदेश २ को नीति तथा योजना आयोगले प्रदेश सरकारको प्रथम आवधिक योजना पुस्तक मङ्गलवार सार्वजनिक गरेको छ।

आयोगले पहिलो आवधिक योजना पुस्तक र नेपाल 'प्रोभिन्सियल प्लानिङ बेसलाइन एन्ड स्ट्रेटेजिक अप्सन फर प्रोभिन्स २' नामक पुस्तक सार्वजनिक गरेको हो।




मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोगले कार्यक्रम आयोजना गरी आयोगका अध्यक्षसमेत रहेका प्रदेशका मुख्यमन्त्री लालबाबु राउत गद्दीले दुवै पुस्तक एकसाथ सार्वजनिक गरेका हुन्।

पुस्तक सार्वजनिक गर्दै मुख्यमन्त्री गद्दीले प्रदेश

(बाँकी चौथो पातामा)

# मेलम्ची सुरुङ परीक्षण अझै टुङ्गो लागेन

**–सञ्चिता घिमिरे, काठमाडौं, २० माघ/रासस**

राष्ट्रिय गौरवको आयोजना मेलम्ची खानेपानी आयोजनाको सुरुङ पुनः पानी पठाएर परीक्षण कहिले गर्ने भनी टुङ्गो लागेको छैन। सुरुङ मरम्मत काम सकिए पनि विदेशी विज्ञबाट पानी पठाउन ठीक छ/छैन भनी अध्ययन भइरहेको बताइएको छ । यसपछि मात्रै पुनः परीक्षण गर्न सकिने छ ।

आयोजनाको दातृ निकाय एशियाली विकास बैंकको आग्रहमा आयोजनाले जर्मन विशेषज्ञ टोली बोलाएर सुरुङ परीक्षण गराइरहेको आयोजनाका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्तले बताए। उनका अनुसार गत वर्ष असारमा सुरुङमा दुर्घटनापछि गेट निर्माण गरेको भारतीय कम्पनीले गेटको पुनः जडान गरिसकेको छ। आयोजनाले थप सुधारका केही काम पनि गरेको थियो। आयोजनाले सुधार गरेपछि पनि अझै कुनै समस्या छ/छैन भनेर बुझ्न अन्तर्राष्ट्रिय कम्पनी ल्याइएको उनले बताए। उनले भने–समस्या छैन भनेर अन्तिम प्रतिवेदन आएपछि नै पुनः परीक्षणको काम अघि बढाइने छ।

इटालियन कम्पनीले छिट्टै अन्तिम प्रतिवेदन बुझाउने भनेकोले लामो समय नलाग्ने सूचना अधिकारी पन्तले बताए। कम्पनीले यस अघि दिएको प्रतिवेदनमा सानातिना सुधार गर्नुपर्ने भए पनि ठूलो समस्या नभएको जनाएको थियो। साना किसिमका समस्या देखिएमा त्यसलाई सुधारेर पुनः परीक्षणमा जान समय नलाग्ने उनको भनाइ छ। उनले भने–अरू सबै किसिमको तयारी भइसकेकोले यही महीनामा परीक्षण गर्न सकिने छ।

सिन्धुपाल्चोक हेलम्बु गाउँपालिका–१ स्थित आयोजनास्थलमा असार २१ मा पानी पठाइएकोमा ३० असारमा दुर्घटना भएको थियो। त्यसपछि सो द्वार निर्माण गर्ने कम्पनीले त्रुटि सच्याउने काम गरेको थियो । सुरुङमा पुनः पानी पठाएर परीक्षण गर्नु पहिले दातृ निकायले त्यसको अवस्था अध्ययन गरेको हो । पहिले परीक्षण हुँदा पनि इटालियनविज्ञ प्रतिनिधि ल्याइएकोमा पुनः परीक्षणका लागि अर्को टोली आएको छ।

सुरुङमा पानी परीक्षणका लागि पठाउनु पहिले चार द्वारमा सुधार गरिएको आयोजनाले जनाएको छ । द्वारको फ्रेम सुरुङको भित्तामा अड्याउने, रड हाल्ने र फ्रेम हाल्ने काम भएको थियो । फ्रेमलाई कङ्क्रिट राखेर केही दिनसम्म हेरिएको सूचना अधिकारी पन्तले बताए। सुरुङ परीक्षणका लागि पानी भरिएपछि केही दिनसम्म त्यो पानीलाई भित्र नै थुनेर राखिन्छ। सबै पानी बाहिर निकालेपछि मात्रै त्यसमा समस्या भए/नभएको थाहा हुने सूचना अधिकारी पन्तको भनाइ छ। सुरुङमा समस्या नभएको निश्चित भएपछि मात्रै स्थायीरूपमा पानी पठाइन्छ। उनले भने–यस प्रक्रियाका लागि दुई महीना लाग्छ।

सुरुङको अवस्था ठीक भएर सुन्दरीजलमा रहेको प्रशोधन केन्द्रमा आएपछि मात्र उपत्यकामा वितरण शुरू हुनेछ। सुन्दरीजलमा दुई पानी प्रशोधन केन्द्र छन्। यहाँबाट पानी प्रशोधन भए पनि उपत्यकाका विभिन्न स्थानमा रहेका ट्याङ्कीमार्फत पाइपमा पानी पुग्छ । उपत्यकामा खानेपानी वितरणका लागि आवश्यक संरचना बनिसकेकोले पानी आउनासाथ तत्काल वितरण थालिने मन्त्रालयले जनाएको छ।

यस अघि सुरुङ परीक्षणका लागि पानी भर्न थालिएकोमा एक सातामा पानी बाहिर निस्केको हो। दुर्घटनाबारे बुझ्नका लागि खानेपानी मन्त्रालयका सहसचिव रमाकान्त दवाडीको संयोजकत्वमा भएको दुर्घटनासम्बन्धी अध्ययन गर्न गठित समितिले द्वारभित्रबाट हुनुपर्नेमा बाहिरबाट राखिएकोले दुर्घटना भएको निष्कर्ष निकालेको थियो । समितिकै सुझावका आधारमा गेटको फ्रेम नयाँ राखिएको छ।

सो दुर्घटनाका कारण कन्सल्ट्यान्ट दोर्जे पेम्बा र इन्जिनीयर शेखर खनाल घाइते भएका थिए। दुर्घटनाका कारण इन्जिनीयर सतिश गोहित र सवारीचालक राधाकृष्ण थापामगर बेपत्ता भएका थिए। तीमध्ये इन्जिनीयर गोहित घटनाको भोलिपल्ट मृत फेला परेका थिए भने चालक थापामगर अझै बेपत्ता छन्।

सो दुर्घटनाको जिम्मेवारी परामर्शदाता कम्पनी द्वार निर्माण गर्ने कम्पनी दुवैको भएकोले उनीहरूले जिम्मेवारी लिएका थिए। इटास कम्पनी परामर्शदाताका रूपमा रहेको थियो भने भारतीय कम्पनी पिआइएलले गेट निर्माण गरेको हो। आयोजनामा यस पहिले काम गरेको इटालियन कम्पनी सिएमसीले नै गेट निर्माण गर्न सो कम्पनीलाई लगाएको थियो । नेपाल सरकारसँग सिएमसीको ठेक्का रद्द भए पनि सोही कम्पनीले द्वार निर्माणको बाँकी काम सम्पन्न गरेको थियो।

विसं २०५६ मा मेलम्ची खानेपानी विकास समिति गठन भएको थियो । आयोजना निर्माणका लागि एशियाली विकास बैंकसँग सन् २००१ मा सम्झौता भएको थियो। पछिल्लोपटक काम गरेको इटालियन कम्पनीले गतिका साथ काम अघि बढाए पनि आर्थिकरूपमा टाट पल्टेर कम्पनी फिर्ता भयो । केही महीनाको अन्योलपछि चिनियाँ निर्माण कम्पनीसँग बाँकी निर्माणको काम सम्पन्न गर्नेगरी ठेक्का सम्झौता भएको थियो। खानेपानी मन्त्रालयले पटक–पटक काठमाडौं उपत्यकामा मेलम्चीको पानी झार्ने लक्ष्य राख्दै आएको थियो। पछिल्लोपटक गत असार मसान्तसम्म पानी झार्ने लक्ष्य राखिए पनि दुर्घटनाले समय धकेलिएको छ।

**१. शतावर (ट्राइबुलस टेरेस्ट्रस)**

यसलाई शतमूली, शतवीर्या, बहुसुता पनि भनिन्छ । यसको लेटिन नामको सम्बन्धमा निकै मतभेद छ तर अब यो निर्विवादरूपले मानिएको छ कि एस्पेरेगस रेसिमोसस नै शतावर हो ।

**वानस्पतिक परिचय–** शतावर ग्रीष्म ऋतुको मध्यमा प्रारम्भमा एउटा काँडेदार कन्दयुक्त लताको रूपमा प्रकट हुन्छ । यो भारत वर्षको समस्त गर्भ, समशीतोष्ण क्षेत्रमा तथा हिमालयमा चार हजार फिट उचाइसम्म भेटिन्छ । एक अर्को काँडारहित जाति हिमालयमा चारदेखि ९ हजार फिटको उचाइमा पनि भेटिन्छ जसलाई एस्पेरेगस फिलिसिनस नामले चिनिन्छ ।

यो एउटा डेढ गज अगाडि बढेर अर्कोतर्फ मोडिएर बारको रूपमा वा कुनै वृक्षको सहारा लिएर माथि चढ्छ । यसको काँडा केही बाङ्गो ६ देखि १२ मिलिमिटर लामो हुन्छ । शाखा चारैतर्फ अत्यधिक फैलिएको हुन्छ । प्रशाखा त्रिकोणाकार, चिल्लो तर रेखाङ्कित हुन्छ । पत्र शाखा दुई देखि ६ इन्चसम्म लामो हुन्छ । पत्र–पुष्परहित लता हेर्दा काँडा भएको सेतो डन्डीजस्तो देखिन्छ । पात मसिनो १ देखि १.५ इन्च लामो, चुच्चो हसियाको आकारको अधःपृष्ठमा नालीदार हुन्छ । पुष्प मञ्जरी एकदेखि २ इन्च लामो एकल वा गुच्छाबद्ध हुन्छ । यसमा सुगन्धित ससाना फूल लाग्छ । फूल सेतो तथा तीनदेखि पाँच मिलिलिटर व्यासको हुन्छ । नोभेम्बरको महीनामा एकै समयमा एकैसाथ हजारौं फूल फुल्छ, जसबाट सम्पूर्ण लता नै सेतो देखिन्छ ।

फल शीतकालको अन्त्यमा– गोलाकार, केराउको आकारको लगभग चौथाई इन्च व्यासको हुन्छ जुन पाकेपछि रातो रङ्गको हुन्छ । केही गोला र केही तीनकुने हुन्छ । बीउ प्रत्येक फलमा एक वा दुई, रङ्गमा कालो तथा चौथाई इन्च व्यासको हुन्छ ।

शतावरीको कन्दबाट सयकडौं मूल निस्किन्छ, जुन औंलाजत्तिकै मोटो, लामो, मटमैलो पहेंलो, स्वादमा केही मधुर तथा त्यसपछि तीतो लाग्छ । एक–एक लताको तलबाट सयकडौं जरा निस्किन्छ । यही श्वेत मूल गुच्छा चिकित्सा कार्यको लागि प्रयोग हुन्छ । यसैलाई सुकाएर बजारमा शतावरको नामले बेचिन्छ ।

**शुद्धाशुद्धी परीक्षा–** शतावरीलाई सेतो मुसलीभन्दा अलग चिन्नुपर्छ । सेतो मुसलीको लेटिन नाम एस्पेरेगन एडसेन्डैन्स हो । सेतो मुसलीको जरा सेतो गाँठोयुक्त हुन्छ । बजारमा उपलब्ध मुसली कन्दको बोक्रा च्याउरिएको, स्वच्छ, हात्तीको दाँतसमान सेतो दुईदेखि अढाई इन्च लामो लगभग सवा इन्च मोटो र फिक्का स्वाद भएको हुन्छ । यो चिल्लो र तोड्दा भुसभुसे हुन्छ । यसको विपरीत शतावरको सुक्खा कन्द र बाह्य भाग केही बढी खैरो रङ्गको तथा खुम्चिएको हुन्छ । यसमा एउटा छेउदेखि अर्कोसम्म अनुलम्ब रेखा हुन्छ तथा बीचको तल केही खोक्रो नतोदार आकारको हुन्छ । बहुधा यस औषधिमा मिलावट हुन्छ । अतः शुद्ध वनौषधिको रङ्ग–स्वाद र आकारबाट पहिचान गरेर ग्रहण गर्नुपर्छ ।

**सङ्ग्रह संरक्षण–** शतावरको

# जडीबुटीद्वारा स्वास्थ्य संरक्षण

जरालाई सुकाएर मुख बन्द पात्रमा सुक्खा स्थानमा राखिन्छ । यसको प्रयोग सङ्ग्रहोपरान्त एक वर्षसम्म सजिलै गर्न सकिन्छ । त्यसपछि वीर्य समाप्त हुन्छ ।

**जीवेम शरदः शतम्**

**गुणकर्म सम्बन्धी विभिन्न मत–** आचार्य चरकले शतावरलाई बल्य र

> **यसलाई अनिद्रा रोग, शिरोशूल, वात–व्याधिमा सफलतापूर्वक प्रयुक्त गरिन्छ । मिर्गीको रोग, मुर्च्छा, हिस्टिरियाको पनि यो अचूक औषधि हो । यसले रक्तचाप पनि कम गर्छ । अम्लपित्त निवारक हुन्छ तथा अग्नि उद्दीपक हो ।**

वयःस्थापन–मधुर स्कन्ध बताएका छन्, जबकि सुश्रुत यसलाई कटक पञ्चमूल तथा पित्तशामक समूह मान्छन् । चरक



संहिताकार अनुसार सामान्य द्रव्य त मात्र धातुलाई बल प्रदान गर्छ तर शतावरमास, शुक्र र स्तन्यलाई विशेष रूपले बल दिन्छ । यसैले यसलाई बल्य–महाकषायको उपमा आचार्य श्रीले दिएका छन् ।

आचार्य सुश्रुत अनुसार शतावर सुक्खा रोग, कमजोरी (शोष एवं अङ्गमर्द) मा बल प्रदायक हुन्छ तथा दूषित शुक्रलाई शोध गर्छ । बाग भट्ट लेख्छन् कि जो मनुष्य शतावरी कल्क र स्वरसबाट सिद्ध भएको घृत मिश्रीसँग नित्य सेवन गर्छ, त्यसलाई व्याधिरूपी डाकूले पनि लुट्न सक्दैन ।

भाव प्रकाश निघण्टुकार अनुसार यो गुरु, शीत, तिक्त रसायन हो जसले मेधालाई बढाउँछ । अग्निवर्धक हो, वात–पित्त शोथ निवारक तथा शुक्र दौर्बल्यलाई मेटाउँछ । वनौषधि चन्द्रोदय अनुसार हाम्रो शरीरमा स्थित वात–नाडी संस्थानको केन्द्र मस्तिष्क हो । यस संस्थानमा असङ्ख्य वात–नाडी सम्पूर्ण शरीरमा फैलिएको हुन्छ । यसमा विद्युतरूप प्राण नै प्रत्यक्ष धातुको रूपमा विचरण गर्छ । शतावरले वात संस्थान एवं वात धातुलाई बल प्रदान गर्छ जसबाट मेधा, बुद्धि, मानस शक्ति र देहको अङ्ग, उपाङ्ग सबै सबल बन्छ ।

धन्वन्तरि निघण्टुकार लेख्छन्– शतावर राजयक्ष्मादेखि कुनै पनि जीर्ण रोगीलाई पुनः बल तथा रोगबाट लड्ने सामर्थ्य प्रदान गर्छ । गुणहरूको वर्णन गर्दै लेखिएको छ– 'वात पित्तहरी वृष्या रसायनवरा स्मृता' यो एउटा प्रबल मेधावर्धक–पुष्टिवर्धक रसायन हो ।

श्री नादकर्नी अनुसार शतावरीको जरा समग्र पोषण प्रदान गर्ने एउटा टनिक रूपी औषधि हो । यो आन्तरिक चयापचयजन्य गर्मीलाई शान्त गरेर बल प्रदान गर्छ । वेल्थ अफ इन्डिया अनुसार शतावरी एउटा पौष्टिक बुटी हो । यसमा जुन रसायन छ, त्यो प्रकृतिले मनुष्यलाई दिएको अद्भूत देन हो । सम्पूर्ण शरीरमा जहाँ कमी छ, ठीक त्यही यसको रसायन पुग्छ एवं सूक्ष्म रूपमा घोलिएर सात्मीकरणको स्थिति ल्याउँछ । श्री जेएफ दस्तुरले आफ्नो पुस्तक मेडिसिनल प्लान्ट्स अफ इन्डिया एन्ड पाकिस्तानमा शतावरीलाई पुष्टिकारक बताएका छन् ।

होमियोपैथीमा शतावरीलाई युरोपियन जाति एस्पेरेगस अफिसिनेलिसको प्रयोग प्रधानरूपले भएको छ । यो अनेक प्रकारको दुर्बलतामा लाभकारी पाइन्छ । युनानीमा शतावरीलाई पहिलो दर्जाको चीसो तथा स्निग्ध मनिएको छ । यसको प्रयोग बलवर्धकको रूपमा गरिन्छ । हकीमले यसको हब्बुलसनोबर नामक योग प्रयुक्त गर्छ ।

अन्त्यमा वैद्य जीवचनबाट उद्धृत एउटा टिप्पणी दिन समीचीन हुनेछ, जसले शतावरीको गुण–कर्ममाथि प्रकाश पार्दछ ।

भुक्तवा वरीं क्षरीयुक्तां बिलासी भुक्तं शत सुन्दरि, सुन्दरीणाम् ।।।

रासायनिक संरचना– यसमा श्लेष्मक (म्युलिसेज–पिच्छिल द्रव्य) तथा शर्करा प्रचुरताले पाइन्छ । यसको अलावा वैज्ञानिकले शतावरमा अनेकौं सैपोनिन पनि पाएका छन् । हकीमराज दलजीत सिंहका अनुसार यसको जल विलेयमा सात प्रतिशत शक्कर हुन्छ । त्यसको कन्दमा जुन सैपोनिन पाइन्छ, त्यसको प्रधान कार्य गर्भाशय सङ्कोचन शमन हो । यसको बल्य सामर्थ्य, शर्करा, म्युसिलेज, सैपोनिन्स तथा अन्य यस्ता सूक्ष्म रसायनले जुन शरीरमा कार्य त गर्छ तर जसको विश्लेषण अहिले सम्भव भएको छैन । वैज्ञानिक यस दिशामा प्रयत्नशील छन् कि कुन प्रकार यो औषधिले सीधै एन्ड्रोक्राइन स्लैन्ड्स र अन्य सूक्ष्म रसस्रावलाई प्रभावित गरी बलवर्धक भूमिका निर्वाह गर्छ ।

**आधुनिक मत एवं वैज्ञानिक प्रयोग–निष्कर्ष–** शतावरको जरा सीधै हृदयलाई प्रभावित गरेर त्यसलाई सामर्थ्य प्रदान गर्छ । हृदयको सङ्कोच क्षमता बढ्छ र प्रत्येक ढुकढुकीको साथ अधिक मात्रामा शुद्धीकृत रक्त शरीरको अङ्ग–प्रत्यङ्गमा पुगेर त्यसलाई प्रभावित गर्छ ।

सैपोनिन्स गर्भाशयको गतिविधिलाई सन्तुलित गर्छ र सङ्कुचन क्षमता कम गर्छ । यो एक प्रकारबाट गर्भाशय उत्तेजना शामक हो । श्री जेठालानी (जनरल अफ रिसर्च इन इन्डियन मेडिसिन २,१, १९७६) अनुसार शतावरको जराको निष्कर्ष पिटुटरीएड्रिनल एक्सिसमाथि प्रभाव पारेर कैयौं हार्मोन रसको स्रावलाई प्रभावित गर्छ । श्री डाँगे प्लान्टा मेडिका (१७, ३९३, १९६९) मा लेख्छन् कि शतावरको ताजा र सुकाइएको जरामा कैयौं एन्जाइमको गतिविधि विशेषरूपले दृष्टिगोचर भएको छ । यसमा कार्बोहाइड्रेटलाई प्रभावित गर्ने एन्जाइम अल्फा एवं बिटा अमाइलेस तथा वसालाई प्रभावित गर्ने लाइपेस नामक एन्जाइम प्रमुख हुन्छ ।

**ग्राह्य अङ्ग–** श्री नादकर्नी भन्छन् कि यसको बोक्रा विषालु हुन्छ । त्यसको प्रयोग नगरेर मात्र कन्द प्रयोग गर्नुपर्छ ।

**मात्रा–** स्वरस–२ देखि ४ चमचा (१० देखि २० मिलिलिटर) दिनमा दुईपटक

**चूर्ण–** दुईदेखि ६ ग्राम दिनमा दुईपटक

**क्वाथ–** ५० देखि १०० मिलिलिटर (लगभग २ देखि ३ औंस)

जहाँसम्म सम्भव हुन्छ, शतावरी गीलो नै प्रयुक्त गर्नुपर्छ । यो गिलो भेटिएन भने सुक्खा चूर्ण प्रयुक्त गर्नुपर्छ ।

**निर्धारणा अनुसार उपयोग–** शतावरलाई चूर्ण, क्वाथ (जलको मात्रा चूर्णभन्दा बीस गुना बढी), घ्यू (दुईदेखि चार) मख्खन, यति नै शतावर स्वरस तथा दस गुना घ्यू उमालेर) मुरब्बा तथा स्वरस यो पाँच प्रकारको प्रायोगिक स्वरूप हो । वीर्य वृद्धि, शुक्र द्रौबल्यको लागि शतावर चूर्ण दूधमा उमालेर प्रयुक्त हुन्छ । गर्भस्राव (एन्टिपार्टम हेमरेज) रक्त तथा स्तन्यक्षयमा यो उपयोगी हुन्छ । स्त्रीको लागि यो उत्तम रसायन हो । स्तन्य वृद्धि तथा दूधको मात्रा बढाउन यसको प्रयोग गरिन्छ ।

क्षयरोगपछि हुने दुर्बलता तथा मस्तिष्क द्रौर्बल्यमा पनि यसले उत्तम टनिकको काम गर्छ । दृष्टि–मन्दतालाई मेटाउँछ । सम्भवतः यसको प्रभाव सीधै रेटिनाको स्नायु कोशमाथि हुन्छ । स्वप्न दोषको लागि दूधमा उमालेको जरा दिइन्छ तथा मिश्रीसँग २–२ चम्चा सधैं खुवाउनुपर्छ । यसको ताजा जराको स्वरस र मिश्रीको अनुपात झनै लाभकारी हुन्छ ।

**अन्य उपयोग–** यसलाई अनिद्रा रोग, शिरोशूल, वात–व्याधिमा सफलतापूर्वक प्रयुक्त गरिन्छ । मिर्गीको रोग, मुर्च्छा, हिस्टिरियाको पनि यो अचूक औषधि हो । यसले रक्तचाप पनि कम गर्छ । अम्लपित्त निवारक हुन्छ तथा अग्नि उद्दीपक हो । हरेक दृष्टिबाट यो उपयोगी रसायन, बल्य, मेध्य औषधि हो जसमा अहिले पनि शोधको पूरै सम्भावना छ ।

# वर्षा र हिमपातको सम्भावना

काठमाडौं, २० माघ/रासस

आगामी बिहीवारदेखि शनिवारसम्म देशभर मौसम बदली भई देशको अधिकांश स्थानमा वर्षा हुने भएको छ । बिहीवारदेखि पश्चिमी वायु सक्रिय हुने भएकोले देशको अधिकांश स्थानमा हल्का वर्षाका साथै उच्च पहाडी तथा हिमाली भूभागमा हिमपातको सम्भावना रहेको मौसमविद् शान्ति कँडेलले बताइन् ।

मौसमविद्का अनुसार यो प्रणाली बाहिरिएपछि तापक्रम वृद्धि भई गर्मी शुरू हुनेछ । हाल देशका पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा रहेको छ ।

दिउँसो पहाडी भूभागमा आंशिक बदली रही प्रदेश नं १, सुदूरपश्चिम र



गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागका एक वा दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम २.७ डिग्री र अधिकतम तापक्रम १८.८ डिग्री सेल्सियस रहेको छ ।

त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम –४.५ डिग्री र सबैभन्दा धेरै वीरेन्द्रनगरको न्यूनतम तापक्रम ८.२ सेल्सियस रहेको छ ।

# इलेक्ट्रिसियन पाण्डेविरुद्ध मुद्दा दायर

प्रस, सर्लाही, २० माघ ।

सर्लाहीको बरहथवा नगरपालिकास्थित नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रका इलेक्ट्रिसियन मनोजकुमार पाण्डेविरुद्ध अख्तियारले मङ्गलवार विशेष अदालतमा मुद्दा दायर गरेको छ । विद्युत् मिटर जडान गर्न सेवाग्राहीसँग लिएको आठ हजार रुपियाँ घूससहित पाण्डेलाई अख्तियारले पक्राउ गरेको थियो ।

पाण्डेलाई हदैसम्मको सजाय मागदाबीसहित मुद्दा दायर गरिएको अख्तियारले सञ्चारकर्मीहरूलाई जानकारी गराएको छ ।

# गाँजासहित एकजना पक्राउ

प्रस, वीरगंज, २० माघ/

मकवानपुरको नेवारपानीस्थित पूर्वपश्चिम लोकमार्गबाट गाँजासहित पर्साका एकजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा पर्साको सखुवा परसौनी गाउँपालिका–२ बस्ने ४१ वर्षीय राजेन्द्रबहादुर दमाई रहेका छन् ।

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटेको टोलीले हेटौंडा उपमहानगरपालिका–१९ नेवारपानी सडकखण्डबाट मङ्गलवार दिउँसो उनलाई पक्राउ गरेको हो ।

मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको ना.२ ह ४१०९ नम्बरको अटो चेकजाँच गर्ने क्रममा अटो चालकसमेत रहेका उनी पक्राउ परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

चालक बस्ने सिटमुनि लुकाएर ल्याउँदै गरेको अवस्थामा ११ केजी गाँजा, ६७ हजार नगद र भारु २ हजार ५ सय पनि बरामद भएको मकवानपुरका प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले बताए ।

# 'साथी सन्देश' खण्डकाव्यको लोकार्पण

जनकपुरधाम, २० माघ/

सर्लाही जिल्ला वसन्तपुर निवासी मयुदिन अन्सारीले नेपाली भाषामा लेखेको 'साथी–सन्देश' खण्डकाव्य मङ्गलवार लोकार्पण गरिएको छ । जनकपुरधाम स्थित मसला कटेजको सभाकक्षमा कार्यक्रम सम्पन्न भएको हो ।

जनकपुरधाम उपमहानगरपालिकाका पूर्व उपमेयर मो. असगरअलीको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि वरिष्ट साहित्यकार डा. राजेन्द्र विमल र विशिष्ट अतिथि पूर्व सभासद् तथा साहित्यकार महेन्द्र मिश्रले संयुक्त रूपमा लोकार्पण गरेका थिए ।

कार्यक्रममा उपन्यासकार धीरेन्द्र झा, वरिष्ट साहित्यकार पूर्व प्रधान, रामचन्द्र झालगायतको सहभागिता थियो ।

खण्डकाव्यका लेखक २५ वर्षीय अन्सारीको साहित्यप्रतिको लगाव र दखलको सहभागी साहित्यकारहरूले प्रशंसा गरेका थिए ।

# स्थानीय तहमा भूमि आयोगको एकाइ स्थापना

प्रस, सर्लाही २० माघ/

सर्लाहीको स्थानीय तहहरूमा भूमि आयोग एकाइ स्थापना भएको छ । जिल्लाको लालबन्दी, ईश्वरपुर, वरहथवा, वाग्मती, हरिपुर र हरिवनलगायत ६ वटा स्थानीय तहमा आयोगको एकाइ स्थापना भएको हो ।

उक्त स्थानमा बसोवास गरिरहेका भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोवासीको लगत सङ्कलन गर्ने उद्देश्यले आयोगले एकाइ कार्यालय स्थापना गरेको हो । आयोगले भूमिहीन र अव्यवस्थित बसोवासीको विवरण सङ्कलन गरी उनीहरूलाई भूमि उपलब्ध गराउने तथा अव्यवस्थित बसोवासलाई कर र कानूनको दायरामा ल्याउन स्थानीय तहमा एकाइ स्थापना गरेको आयोगका सदस्य एकनारायण रानाले जानकारी दिएका छन् ।

एकाइ स्थापना कार्यक्रममा सम्बन्धित पालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतका साथै वडा अध्यक्षहरूको सहभागिता थियो । आयोगको एकाइले आवासविहीन नागरिकका परिवारलाई भूमि उपलब्ध गराई योजनाबद्ध, एकीकृत र सुरक्षित बस्ती निर्माणमा मदत गर्ने, जोखिम क्षेत्रलगायत कानूनले बस्न वा खेती गर्न नहुने भनी तोकेको स्थानमा बसोवास गरेका वास्तविक भूमिहीन परिवारलाई योजनाबद्ध ढङ्गले स्थानान्तरण गर्न लगत सङ्कलन गर्ने लालबन्दी नगरपालिका–८ का वडाध्यक्ष तथा नगरका प्रवक्ता राजनकुमार श्रेष्ठले जानकारी दिए ।

एकाइ कार्यालय स्थापना भएपछि भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई ३५ दिनभित्र आआफ्नो स्थानीय तहमा निवेदन बुझाउन पनि समयसीमा तोकिएको छ । भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोवासीलाई आफू बसोवास गरिरहेको वा आबाद गरेको जग्गा प्राप्तिका लागि स्थानीय तहमार्फत आवेदन गर्न आग्रह गरिएको छ ।

जग्गा पाउन तोकिएको ढाँचाबमोजिम निवेदन फाराम भरी स्थानीय तहमा बुझाउन आग्रह गरिएको नगरपालिकाले जानकारी गराएको छ ।

सम्बन्धित परिवार वा व्यक्तिले फाराममा भरेको विवरण पुष्टि गर्ने प्रमाणसमेत संलग्न गर्न आयोगले सुझाव दिएको छ ।

जग्गा प्राप्तिको निवेदन घरदैलोमा खटेका लगत सङ्कलक वा सम्बन्धित वडा कार्यालयमा बुझाउन सकिने आयोगले जनाएको छ । आयोगले निवेदन बुझ्न सातवटै प्रदेशमा स्थानीय तहलाई तोकेको छ भने स्थानीय निकायहरूले आफ्नो क्षेत्रमा लगत सङ्कलन कार्य शुरू गरिसकेका छन् ।

# वडास्तरीय भेला सम्पन्न

प्रस, पर्सागढी, २० माघ/



तस्वीरः प्रतीक

पर्सागढी नगरपालिका–६ प्रचण्ड–आन्दोलन परिचालन समितिका संयोजक धनबहादुर श्रेष्ठ, सोमबहादुर माधव नेपाल समूहले विक्रमराय भरको अध्यक्षतामा वडास्तरीय भेला सम्पन्न गरेको छ ।

भेलामा प्रमुख अतिथि नगरपालिका लामा, रामेश्वर मण्डल, सत्यनारायणदास थारू, गोलु कुमार, कुमार बस्नेत, विक्रम कार्कीलगायतको सहभागिता थियो ।

## प्रदेश २ को प्रथम....

सरकारको अबको लक्ष्य प्रदेश गौरवका आयोजनाहरूको छनोट गरी प्रदेशको विकासमा ध्यान पुऱ्याउनु रहेको बताए ।

उनले पहिलो आवधिक योजनाले प्रदेशमा आगामी पाँच वर्षभित्र गर्नुपर्ने विकासको लक्ष्य निर्धारण गर्नुका साथै आगामी दिनमा गर्ने कामको विस्तृत विवरण समेटिएकोले नीति तथा कार्यक्रम एवं बजेट निर्माण गर्न सहज हुने बताए ।

सो अवसरमा नीति तथा योजना आयोगका उपाध्यक्ष डा.भोगेन्द्र झाले आयोगले अन्य ६ प्रदेशभन्दा बढी काम गरेको दाबी गरे । उनले आयोगले पूर्णता पाउन नसके तापनि अन्य प्रदेशको तुलनामा उल्लेखनीय काम भएको बताए ।

# अन्तर्राष्ट्रिय समाचार

## सुकीसहितका नेताहरूलाई रिहा गर्न एनएलडीको आग्रह

याङ्गुन, २० माघ/एएफपी

म्यान्माको सत्तारूढ दल नेशनल लिग



सैन्य विद्रोहबाट बन्दी बनाइएकी आङ सान सू कीको फोटो लिएर बैंककमा विरोध गर्दै नागरिक। फोटो : एजेन्सी

फर डेमोक्रेसी (एनएलडी) ले सेनाद्वारा नियन्त्रणमा लिइएका आफ्ना नेताहरूलाई तत्काल रिहा गर्न माग गरेको छ।

एनएलडीले मङ्गलवार वक्तव्य जारी गर्दै पार्टीकी नेतृ आङसाङ सुकीसहितका नेतालाई तत्काल रिहा गर्न आग्रह गरेको हो।

स्टेट काउन्सिलरसमेत रहेकी सुकी र देशका राष्ट्रपति विन मिन्ट दुवैलाई सोमवार बिहानै नजरबन्दमा राखिएको थियो। एनएलडीका केन्द्रीय कार्यकारी समितिका सदस्यहरू, सांसदहरू र क्षेत्रीय मन्त्रिपरिषद्का सदस्यहरूलाई पनि गिरफ्तार गरिएको छ।

म्यान्माको सैनिकले म्यान्माको सम्पूर्ण सत्ता एक वर्षका लागि नियन्त्रणमा लिएको घोषणा गर्दै नेताहरूलाई गिरफ्तार गरेको हो।

सेनाले एक वर्षसम्मका लागि सङ्कटकाल घोषणा गर्दै एक वर्षमा निर्वाचन गराउने दाबी पनि गरेको छ।

गत नोभेम्बरमा सम्पन्न आम निर्वाचनमा धाँधली भएको भन्ने सेनाको दाबीलाई अस्वीकार गरिएको तथा कोरोना भाइरसका कारण देशभित्र सङ्कटपूर्ण अवस्था रहेकोले आम निर्वाचन स्थगित गर्न सरकार अक्षम भएपछि सैनिक नियन्त्रण आवश्यक रहेको सेनाको भनाइ छ।

सेनाको असन्तुष्टिबीच भएको निर्वाचनबाट गठन भएको नयाँ संसद्को बैठक शुरू हुने दिन बिहान सेनाले सत्ता विद्रोह गरेको हो।

सेनाले राजनीतिक नेताहरूलाई सैनिक नियन्त्रणमा राख्ने र सञ्चार सम्पर्क विच्छेद गराउने गरेकाले सर्वत्र विरोध भएको छ।

अमेरिका, अस्ट्रेलिया र अन्य मुलुकले विज्ञप्ति प्रकाशन गरी म्यान्माको पछिल्लो अवस्थाप्रति चिन्ता प्रकट गर्दै म्यान्माको सेनालाई कानूनी शासनको सम्मान गर्न आग्रह गरेका छन्।

हाल म्यान्मामा सर्वाधिक प्रभावशाली नेताको रूपमा ७५ वर्षीया आङ सान सुकी नै रहेकी छन्। सैनिक शासनविरुद्ध दशकौं सङ्घर्ष गरेपश्चात् पाँच वर्ष अघि सम्पन्न शान्तिपूर्ण चुनावबाट निर्वाचित भएर उनले मुलुकको नेतृत्व सम्हालेकी थिइन्।

गत नोभेम्बरको चुनावबाट संसद्को तल्लो र माथिल्लो दुवै सदनका कुल ४७६ स्थानमध्ये सुकीको दल एनएलडीले ३९६ स्थान जितेको छ। सन् २००८ को संविधानबमोजिम सेनालाई संसद्को कुल स्थानको २५ प्रतिशत छुट्याइएको छ। साथै कतिपय महत्त्वपूर्ण मन्त्रालय पनि सेनालाई नै दिइएको थियो।

तर गत चुनावमा व्यापक धाँधली भएको सेनाको भनाइ छ। यद्यपि त्यसका ठोस प्रमाणहरू भेटिएका थिएनन्। देशको निर्वाचन आयोगले पनि सेनाको उक्त दोषारोपणलाई अस्वीकार गरेको थियो।

यही असन्तुष्टिको आडमा सेनाले शासन हातमा लिएकोले म्यान्माको राजनीति केही समय सङ्कटपूर्ण रहने देखिएको छ। रासस

## अफगान राजधानी काबुलमा बम हमला



काबुलमा भएको बम आक्रमणको निरीक्षण गर्दै अफगानी सुरक्षाकर्मी। फोटो : एपी

काबुल, २० माघ/एएफपी

अफगानिस्तानको राजधानी काबुलमा मङ्गलवार बिहानको व्यस्त समयमा शृङ्खलाबद्ध बम आक्रमण भएको छ। प्रहरीका अनुसार बम आक्रमणबाट कम्तिमा दुईजनाको मृत्यु भएको छ।

उक्त बम आक्रमण उत्तरी काबुलमा प्रहरीको सवारी साधनलाई लक्षित गरी भएको थियो।

प्रहरी प्रवक्ता फरदाज फरामार्जले पहिलो विस्फोटमा दुईजनाको मृत्यु भएको र अरू दुईजना घाइते भएको जानकारी दिए। अफगान गृह मन्त्रालयको अर्को सवारी साधनलाई लक्षित गरी भएको विस्फोटमा परेर दुईजना सुरक्षाकर्मी घाइते भएको पनि उनले बताए।

तेस्रो विस्फोटबाट कुनै क्षति भए नभएको विवरण प्राप्त भइ नसकेको प्रहरी प्रवक्ता फरामार्जले जानकारी दिए।

हालैका महीनामा सरकारी कर्मचारी, पत्रकार, वकील, अधिकारीकर्मी र सवारी साधनमाथि लक्षित गरी बम आक्रमणहरू नियमितझैं हुने गरेका छन् तर यी आक्रमणको कसैले पनि जिम्मेवारी लिने गरेको पाइएको छैन। सरकारले यी आक्रमणहरू अफगानिस्तानमा सक्रिय मुख्य विद्रोही समूह तालिबानले गराएको आरोप लगाउँदै आएको छ।

यसैबीच, अफगानिस्तानको कुन्दुज प्रान्तको कुन्दुज शहर नजीक सुरक्षाकर्मीसँगको भिडन्तमा चार सुरक्षाकर्मी र तीनजना विद्रोही लडाकूहरू मारिएका छन्।

प्रान्तीय परिषदका प्रवक्ता फउजिया जवाद याफतालीले जाखिल खामदानमा रहेको सेनाको जाँच चौकीलाई लक्षित गरी तालिबानी समूहले आक्रमण गर्दा दोहोरो भिडन्त भएको जानकारी दिए। उनले भिडन्तमा चार सैनिक र तीन विद्रोही लडाकूको ज्यान गएको पनि बताए।

उक्त घटनामा दुई सैनिक र तीनजना विद्रोही घाइते भएका छन्।

अफगानिस्तानमा युद्धरत तालिबान र अफगान सरकारबीच कतारको दोहामा गत सेप्टेम्बरदेखि प्रत्यक्ष वार्ता जारी छ, तर प्रगति निकै सुस्त छ।

अमेरिकामा गत जनवरी २० मा आएको राष्ट्रपति जो बाइडेनको नयाँ प्रशासनले गत वर्ष तालिबानीसँग अमेरिकाले गरेको शान्ति सम्झौताको समीक्षा गर्ने बताएको छ। अफगानिस्तानमा पछिल्लो समय जारी हिंसाप्रति अमेरिकी प्रशासनले निन्दा एवं भर्त्सना गरिरहेको छ। रासस

## सिमेन्स इनर्जीले सात हजार ८०० कर्मचारी कटौती गर्ने

फ्रान्कफर्ट, २० माघ/एएफपी

जर्मनीको सिमेन्स इनर्जीले आगामी चार वर्षभित्र सात हजार ८०० कर्मचारी कटौती गर्ने घोषणा गरेको छ। विश्वभर तीव्ररूपमा परिवर्तन भइरहेको ऊर्जा बजारका कारण रोजगारी कटौती गर्नुपरेको कम्पनीले समाचारमा जनाएको छ।

दीर्घकालीन वित्तीय संरचनालाई चुस्त राखी कम्पनीको प्रतिस्पर्धात्मक क्षमता बढाउने उद्देश्य राखिएको कम्पनीको भनाइ छ। कम्पनीले ग्याँस र विद्युत् ऊर्जा क्षेत्रमा कार्यरत कर्मचारी हटाउने तयारी गरेको छ।

सिमेन्समा हाल विश्वभर करीब ९० हजार व्यक्ति कार्यरत छन्। प्रस्ताव अनुसार जर्मनीमा तीन हजार, संयुक्तराज्य अमेरिकामा एक हजार ७०० र अन्य स्थानमा कार्यरत तीन हजार १०० व्यक्ति रोजगार कटौतीमा पर्नेछन्।

सन् २०२५ को वित्तीय वर्षबाट कटौतीमा पर्ने कर्मचारीहरूमध्ये मुख्यगरी व्यवस्थापन, प्रशासन र बिक्रीतर्फका रहेका छन्। रासस

## सर्लाहीका उखु किसान कतै खुशी, कतै निराश

प्रस, सर्लाही, २० माघ/

सर्लाही जिल्लाको दक्षिणी क्षेत्रका उखु किसानले वर्षौंदेखि चिनी उद्योगबाट भुक्तानी पाएका छैनन्। सो क्षेत्रका अन्नपूर्ण सुगर मिललाई उखु दिएका किसानहरूले बितेको चार वर्षदेखि उखुको पैसा पाएका छैनन्।

गोडैतास्थित महालक्ष्मी सुगर मिलले भने गत मङ्सिरमा नै किसानको भुक्तानी गरिसकेको जिल्ला प्रशासन कार्यालय, मलङ्गवाले जनाएको छ। उखुको भुक्तानी लिन उखु किसानले गत वर्षदेखि पुस, माघको जाडोमा समेत काठमाडौंसम्म पुगेर पटक-पटक आन्दोलन गरेका थिए।

हरिवनस्थित इन्दुशङ्कर चिनी उद्योगले भने चालू सिजनकै भुक्तानी शुरू गरिसकेको छ। इन्दुशङ्कर चिनी उद्योगले भुक्तानी शुरू गरेपछि यो उद्योगमा उखु बेचेका किसानहरूमा खुशीयाली छाएको गाउँलेहरूले बताएका छन्। एउटै जिल्ला र एउटै खेती गरेका किसानहरूबीच पनि चिनी उद्योगका कारण कतै खुशी र कतै निराशाको अवस्था छ।

वर्षौंदेखि भुक्तानी नपाएका किसानहरू खेती गर्दाकै ऋणमा डुबेर घरवास उठने अवस्थामा पुगेका छन्। बितेको वर्ष र यस वर्ष पनि पुसको




चीसोमा उखु भुक्तानीका लागि काठमाडौं पुगेर आन्दोलन गरेका थिए।

बितेको पुस १३ गते काठमाडौंमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग भएको सहमति अनुसार उद्योगले माघ ५ भित्र किसानको सम्पूर्ण बक्यौता भुक्तानी गराइसक्ने भन्ने थियो। तर माघ बित्न लाग्दा पनि किसानको खातामा रकम जम्मा भएको छैन। सोही कारण आन्दोलनको नेतृत्व गरेका उखु किसान सङ्घर्ष समितिले पुन: दोस्रो चरणको आन्दोलन घोषणा गरेको छ।

सर्लाही जिल्लामा २० हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा उखु खेती हुने गरेको छ। त्यहाँ इन्दुशङ्कर, अन्नपूर्ण र महालक्ष्मीसहित तीनवटा चिनी उद्योग छन्। तीमध्ये इन्दुशङ्कर र महालक्ष्मी चिनी उद्योग अहिले सञ्चालनमा छन्। किसानले गत वर्षदेखि नै अन्नपूर्णलाई उखु दिएका छैनन्। उखु नपाएपछि उद्योग बन्द छ। उद्योगका मालिक राकेश अग्रवाल अहिले सर्लाही प्रहरी नियन्त्रणमा छन्।

## विद्युत् चुहावट नियन्त्रण गर्न वितरण प्रमुखसँग कार्यसम्पादन सम्झौता

प्रस, जनकपुरधाम, २० माघ/

नेपाल विद्युत् प्राधिकरणले विद्युत् चुहावट नियन्त्रण र सेवा प्रवाह सुधार गर्न वितरण तथा ग्राहक सेवातर्फका केन्द्र प्रमुखसँग कार्यसम्पादन सम्झौता शुरू गरेको छ। प्राधिकरणको उच्च व्यवस्थापनले प्रदेश नं २ को प्रादेशिक कार्यालय जनकपुर अन्तर्गतका २३ वितरण केन्द्र प्रमुखहरूसँग सोमवार र मङ्गलवार कार्यसम्पादन सम्झौता गरेको छ।

प्राधिकरणका सञ्चालकहरू विश्वप्रकाश गौतम, राजेन्द्रबहादुर क्षत्री, भक्तबहादुर पुन, कपिल आचार्यको उपस्थितिमा कायम मुकायम निर्देशक हितेन्द्रदेव शाक्यसँग प्रादेशिक कार्यालय प्रमुख मनोजकुमार सिंहले कार्यसम्पादन सम्झौता गरेका हुन्। त्यसैगरी वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक हरराज न्यौपानेसँग वितरण केन्द्र प्रमुखहरूले सम्झौता गरेका छन्। २०७४ सालदेखि शुरू भएको कार्यसम्पादन सम्झौता चालू आर्थिक वर्ष २०७७/७८ मा भने कोभिड-१९ कारण विलम्ब भएको हो।

कार्यसम्पादन सम्झौतामा विद्युत् चुहावट नियन्त्रणलाई उच्च प्राथमिकतामा राखी यसको अङ्कभार ५० राखिएको छ।

यसरी राखिएका सूचकहरूको वस्तुनिष्ठ मूल्याङ्कन गरी शाखा प्रमुखलाई पुरस्कार र दण्ड दिने व्यवस्था गरिएको छ। प्राधिकरणले चालू आवमा वितरणतर्फको विद्युत् चुहावट ८.५ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ। गत आवमा वितरणतर्फको चुहावट १०.२८ प्रतिशत थियो।

प्रादेशिक कार्यालय जनकपुर अन्तर्गतका वितरण केन्द्रहरूको गत आवमा १५.६ प्रतिशत चुहावट थियो। उक्त चुहावट चालू आवमा १२.०८ प्रतिशतमा झार्ने लक्ष्य दिइएको छ। मङ्सिरसम्मको चुहावट १६.६ प्रतिशत छ। सबै वितरण केन्द्र प्रमुखहरूलाई चुहावट नियन्त्रणको छुट्टाछुट्टै टार्गेट दिइएको छ। विद्युत् बिक्रीबाट प्राधिकरणले आम्दानी गर्ने राजस्वको ३१.२३ प्रतिशत हिस्सा प्रादेशिक कार्यालय जनकपुरले सङ्कलन गर्छ।

कार्यक्रममा प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले विद्युत् चुहावट नियन्त्रण, राजस्व सङ्कलन, विद्युतीकरण, ग्राहकसँगको सेवा प्रवाह सुधारले दिइएको लक्ष्य पूरा गर्ने लगायतमा केन्द्रित भई काम गर्न कार्यालय प्रमुखहरूलाई निर्देशन दिए। वितरण केन्द्र प्रमुखसँगको सम्झौतामा विद्युत् चुहावट घटाउने, बाँकी वक्यौता असुल गर्ने, प्रशासनिक खर्च घटाउने, गुणस्तरीय, भरपर्दो तथा सुरक्षित विद्युत् सेवा प्रदान गर्ने, ग्राहक सेवाको स्तरवृद्धि गर्नेलगायत कार्यसम्पादन सूचाकाङ्क निर्धारण गरिएका छन्। कार्य सम्पादनको हरेक चार/चार महीनामा मूल्याङ्कन गरिने गरिन्छ।

निर्धारित लक्ष्य पूरा गरेका केन्द्र प्रमुखलाई निश्चित रकम, नगद प्रोत्साहन भत्तास्वरूप उपलब्ध गराउने व्यवस्था गरिएको प्राधिकरणले जनाएको छ। उक्त नम्बर बढुवामा जोड्ने, विदेशमा आयोजना तालीम, सेमिनारमा जान प्राथमिकता दिनेलगायतका प्रोत्साहनहरूको पनि प्राधिकरणले व्यवस्था गरेको छ।


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे


### आजको राशिफल

| | |
|---|---|
| मेष — यात्रलाभ | वृष — शत्रुभय |
| मिथुन — चोरभय | कर्कट — उदरपीडा |
| सिंह — विजय | कन्या — धनखति |
| तुला — भाग्योदय | वृश्चिक — बेचैनी |
| धनु — मनोरञ्जन | मकर — कर्मप्राप्ति |
| कुम्भ — राज्यभय | मीन — वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**शीतलहरको समयमा चीसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ, त्यसैले-**

- न्यानो कपडाको जोहो समयमैं गरौं।
- शीतलहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनुपर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा सिरक, कम्बलजस्ता न्यानो ओढ्ने ओढौं। घरभित्र राति सुत्दा शरीर र अनिवार्यरूपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं, छाती र टाउकोलाई चीसोबाट जोगाउने कार्य गरौं।
- चीसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो खानेकुरा खाने बानीको विकास गरौं।

माधवनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माधोपुर, रौतहट


## लागू औषधसहित युवक पक्राउ

प्रस, रौतहट २० माघ/

जिल्ला प्रहरी कार्यालय, रौतहटले लागू औषधसहित एकजनालाई पक्राउ गरेको छ।

विपी चोकमा टेम्पो चेकजाँच गर्ने क्रममा हेटौंडा उपमहानगरपालिका-७ कमाने बस्ने २२ वर्षीय कृष्ण थापा मगरलाई लागू औषध नाइट्रोभेट ३६० पिससहित पक्राउ गरिएको जिप्रका, रौतहटले जनाएको छ।

### ९ जना............

बिन, शहीद राकेशकुमार ठाकुरकी पत्नी रीनाकुमारी ठाकुर र शहीद रघु साफीका परिवारका सदस्य लक्ष्मण रजतलगायत ९ जनालाई उनीहरूको योग्यता, क्षमता अनुसार नियुक्तिपत्र दिइएको स्वकीय सचिव सर्राफले बताए।

यस अघि भौतिक पूर्वाधार मन्त्रालयमा दुईजना शहीद परिवारका सदस्यलाई रोजगार दिइएको थियो। थप तीनजनालाई रोजगार दिने प्रक्रिया अन्तिम चरणमा रहेको स्वकीय सचिव सर्राफले बताए।

### सिंघाही.........

अनुसार खोलाबाट मेशिन प्रयोग नगरी तोकिएको ठाउँबाट मापदण्ड अनुसार गिट्टी, बालुवा झिक्न पाउने शर्तविपरीत ठेकेदारले मेशिन प्रयोग गरी खोलाको चरम दोहन गरेको पाइएपछि तत्कालको लागि उत्खननमा रोक लगाएको उनले बताए।

खोलाबाट जथाभावी बालुवा, गिट्टी झिक्दा वनमा प्रतिकूल असर परेको र सयौं रूख नष्ट भएको गुनासो आएपछि उत्खनन गर्न रोक लगाएको उनले बताए।

पालिकाबाट ठेक्का सकार गर्नुअघि पूर्व सहमति पालना गर्ने प्रतिबद्धता नगरेसम्म ठेकेदारहरूलाई गिट्टी, बालुवा झिक्न नदिने अन्सारीको भनाइ छ।

अनुगमनको क्रममा प्रमुख जिल्ला अधिकारी आसमान तामाङ, प्रहरी उपरीक्षकद्वय बेलबहादुर पाण्डे, राजेन्द्र खड्कालगायत संलग्न थिए।

# हङकङ बजार हटाइयो, व्यापारी मर्कामा

प्रस, वीरगंज, २० माघ/
बिपी उद्यानको जग्गामा सञ्चालित वटाभन्दा बढी पसल भत्काइएको थियो। मासिक शुल्क लिँदै आएको व्यापारीहरूले बताए। व्यापारीहरूले साना व्यवसाय


तस्वीर: प्रतीक

हङकङ बजार महानगरले हटाएको छ।
लामो समयदेखि महानगरले पत्राचार गरी पसल हटाउन आग्रह गर्दा व्यापारीले नमानेपछि आज स्काभेटर लगाएर ७५ परेको बताएका छन्। बिपी उद्यानको बीच भागमा रहेको सो बजार महानगर ले नै केही वर्ष पहिले उत्तर कुनामा सारेको थियो। महानगरले ती व्यापारीसँग गरी जीविकोपार्जन गर्दै आएकोमा महानगरले पसल भत्काएपछि रोजगार सङ्कटमा परेको व्यापारीहरूले गुनासो गरेका छन्।

# आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम

प्रस, रौतहट २० माघ/
फतुवा विजयपुर नगरपालिका


तस्वीर: प्रतीक

विभिन्न गाउँटोलमा किसानले लगाएको मकै खेतीमा लागेको अमेरिकी फोगी नियन्त्रणका लागि कृषि ज्ञान केन्द्र, रौतहट गौरले विषादि वितरण तथा छर्ने कार्य गराएको छ।
कृषि ज्ञान केन्द्र, रौतहटले आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम अन्तर्गत फतुवा विजयपुर नगरपालिका हिमालीवास, दुधियवा, रौगी, अकोलवालगायत गाउँटोलका कृषकहरूले लगाएको मकैबालीमा कीरा लागेकोले विषादि वितरण तथा छर्ने कार्य गरेको हो।
आकस्मिक बाली संरक्षण कार्यक्रम अन्तर्गत फतुवा विजयपुर नगरपालिकाका मेयर गोपालराय यादवको अध्यक्षतामा कृषि ज्ञान केन्द्रका प्रमुख चन्द्रभूषण झा, अधिकृतहरू अशोककुमार सिंह र रामकरण यादव, खरिदार नवलकिशोर झा तथा कार्यालय सहयोगीसहितको संयुक्त टोलीको सहकार्यमा फतुवा विजयपुर नगरपालिका-११ का विभिन्न टोलमा मकै बालीमा विषादि छर्ने तथा वितरण कार्य सम्पन्न भएको कृषि ज्ञान केन्द्र गौरका प्रमुख चन्द्रभूषण झाले बताएका छन्।
मकै बालीमा विषादि छर्ने तथा वितरण गर्दा किसान खुशी भएका फतुवा विजयपुर नगरपालिकाका मेयर यादवले बताए। किसानका लागि खेती नै महत्त्वपूर्ण हुने भएकोले कीराबाट जोगाउने उपाय सराहनीय रहेको मेयर यादवले बताउँदै कृषि ज्ञान केन्द्र गौरका टोलीलाई धन्यवाद दिएका थिए।

# घूस रकमसहित सशस्त्रका हवल्दार पक्राउ

प्रस, महोत्तरी, २० माघ/
सशस्त्र प्रहरीका हवल्दारलाई घूस रकमसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासले नियन्त्रणमा लिएको छ।
सोमवार साँझ अख्तियारले छडके अप्रेशनमार्फत हवल्दार श्रवण बस्नेतलाई पक्राउ गरेको हो।
सशस्त्र प्रहरीको गौशाला रामनगरस्थित बेसक्याम्पमा कार्यरत बस्नेतले सेवाग्राहीलाई जङ्गलबाट काठदाउरा ओसारपसार गर्दा लाइन मिलाइदिने भन्दै रु १५ हजार घूस लिइरहेको अवस्थामा अख्तियारले रकमसहित पक्राउ गरेको हो।
पक्राउ परेका बस्नेतलाई आवश्यक कारबाहीका लागि अख्तियारको केन्द्रीय कार्यालय टंगाल काठमाडौं पठाइएको अख्तियार बर्दिवासका प्रवक्ता मणिराम ज्ञवालीले जानकारी दिएका छन्।

# गोठसँगै पाडो जल्यो

प्रस, महोत्तरी, २० माघ/
महोत्तरी जिल्लाको एकडारा गाउँपालिका-१ मा आज बिहान आगलागी भएपछि चौपायासहित भैंसीगोठ जलेको छ। स्थानीय बिल्टु साहको भैंसीगोठमा बालिएको घुरको आगो सल्केर भैंसीगोठ र एउटा पाडो जलेको हो प्रहरीले जनाएको छ।
गोठ र चौपायासमेत करीब दुई लाख रुपियाँको क्षति भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताएका छन्। स्थानीय बासिन्दा र वारुणयन्त्रको सहयोगमा आगो नियन्त्रण गरिएको थियो।

# परवानीपुरमा पनि स्टिकर टाँसियो

प्रस, वीरगंज, २० माघ/
जिल्ला ट्राफिक प्रहरी कार्यालय, पोलमा स्टिकर टाँसिएको व्यवस्थित वीरगंज अभियानका अध्यक्ष दिलीप


तस्वीर: सौजन्य

पर्साले साताव्यापी अभियान अन्तर्गत रिफ्लेटिकर स्टिकर टाँस्ने अभियानलाई निरन्तरता दिएको छ। चौथो दिन मङ्गलवार परवानीपुरमा सवारी साधनहरूमा रिफ्लेटिकर स्टिकर टाँसिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रनि सुमन कार्कीले बताए।
वीरगंज बसपार्कमा रहेका विद्युत्का पोलमा स्टिकर टाँसेर अभियान शुरु भएको थियो। पहिलो दिन २७९ वटा कार्कीले बताए। यसैगरी दोस्रो दिन ११८ बस, ट्रक, स्कूलबस, कार, इरिक्शा, अटोमा रिफ्लेटिकर स्टिकर टाँसिएको थियो भने तेस्रो दिन २१७ वटा सवारी साधनमा स्टिकर टाँसिएको थियो।
अभियानमा आदर्शनगर ग्रीनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतान, बस व्यवसायी,चालक, सहचालक, विभिन्न क्लबका पदाधिकारी, सदस्यहरू गरी २८ जना सहभागी छन्।

# खेलकुदको संसार

## वीरगंज युनिटी क्वाटरफाइनलमा प्रवेश

प्रस, सेढवा २० माघ/
प्रथम पटेर्वासुगौली गोल्डकपको आज भएको खेलमा वीरगंज युनिटीले जीत हासिल गरेको छ।


तस्वीर: प्रतीक

समता समाज नेपालले निचुटाले आयोजना गरेको प्रतियोगितामा वीरगंज युनिटीले टाइब्रेकरमा झारखण्ड युवा क्लब देउरियालाई पराजित गरी क्वाटर फाइनलमा प्रवेश गरेका हो।
निर्धारित समयमा दुवै टीमबाट एक/एक गोल गरी बराबरीमा टुङ्गिएका थियो। प्रतियोगितामा झारखण्डका जर्सी नं १६ अन्जन चौधरीले एक गोल गरेका थिए भने वीरगंजका जर्सी नं १५ देवा गुरुङले १ गोल गरेका थिए।
आजको खेलमा वीरगंज युनिटीका गोलकिपर सरोज तामाङलाई मैन अफ दी मैच घोषित भए। तामाङलाई पटेर्वासुगौली गापा- १ का अध्यक्ष फरमान मियाँले नगद रू दुई हजारसहित ट्रफी प्रदान गरेका थिए।
बुधवारको पहिलो क्वाटर फाइनल खेल वसन्तपुर युनाइटेड चितवन र एफसी मुन्डियाल क्लब हेटौडा मकवानपुरबीच हुने आयोजकले जनाएको छ।

## फागुन १ गतेदेखि पर्सागढी गोल्डकप

बलिराम शुक्ला, बिरुवागुठी २० माघ/
पर्सागढी नगरपालिका-३ बडनिहारको खेल मैदानमा फागुन १ गते देखि तेस्रो पर्सागढी गोल्ड कप फूटबल प्रतियोगिता हुने भएको छ।


खेल मैदान मिलाउँदै। तस्वीर: प्रतीक

आमोदेवी युवा स्पोर्ट्स क्लब पर्सागढी नगरपालिका-३ पकडिया बडनिहारको आयोजनामा हुन लागेको गोल्डकप फूटबल प्रतियोगितामा ८ वटा उत्कृष्ट फूटबल टिमको सहभागिता रहने क्लबका अध्यक्ष शम्भुदास थारूले बताएका छन्।
प्रतियोगितामा युनाइटेड क्लब वीरगंज, मकवानपुर -११ हेटौंडा, हर्दी युवा समाज राप्ती चितवन, फचुजन फूटबल क्लब उदयपुर गाईघाट, वीरगंज युथ एकेडेमी, बागमति युवा क्लब सर्लाही सशस्त्र प्रहरी बल बर्दिबास महोत्तरी र आयोजक आमोदेवी युवा स्पोर्ट्स क्लब पकडिया बडनिहार सहभागी हुने बताइएको छ।
गोल्डकपको विजेता टिमलाई रु १ लाख ५ हजार र उपविजेतालाई ५५ हजार नगदसहित ट्रफी प्रदान गरिने र प्रत्येक दिनको खेलमा म्यान अफ दि म्याच खेलाडीलाई नगदसहित सम्मान गरिने छ। गोल्डकप आयोजनामा रु ७ लाख २० हजार खर्च हुने क्लबका कोषाध्यक्ष नन्दलाल चौधरीले बताएका छन्।

# अपराध नियन्त्रणमा सहकार्य आवश्यक- प्रउ शाही

प्रस, जीतपुर, २० माघ/
जिल्ला प्रहरी कार्यालय, बारामा सरुवा भई आएका प्रमुख प्रहरी उपरीक्षक दिपेन्द्र शाहीले आज सञ्चारकर्मीहरूसँग परिचयात्मक कार्यक्रम गरेका छन्।
मङ्गलवार इलाका प्रहरी कार्यालय, सिमरामा आयोजित परिचयात्मक कार्यक्रममा बोल्दै प्रउ शाहीले शान्ति सुरक्षा र अपराध नियन्त्रणमा सबैको सहकार्यको खाँचो रहेको बताए। उनले अपराध, चोरी-पैठारी, निकासी नियन्त्रणमा सञ्चारकर्मीहरूको भूमिका महत्त्वपूर्ण हुने बताए।
कार्यक्रममा प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठलगायतको उपस्थिति थियो।

# दलित, गरीबलाई सिरक वितरण

प्रस, वीरगंज, २० माघ/
कलवार समाजले आज एक गरिएको थियो। कलवार समाजका अध्यक्ष राजीव गुप्ताको सभापतित्वमा


तस्वीर: प्रतीक

कार्यक्रमको आयोजना गरी १७५ थान सिरक वितरण गरेको छ।
वीरगंज नगर सभागृहमा आयोजित कार्यक्रममा महानगरभित्र रहेका दलित, अपाङ्ग, असहायहरूलाई सिरक वितरण भएको कार्यक्रममा पूर्व अध्यक्ष राजेन्द्रप्रसाद गुप्ता, शिवजीप्रसाद कलवार, भोला कलवार, विश्वामित्र कलवार, धीरेन्द्रप्रसाद आर्य, बाबुराम कौशिकलगायतको उपस्थिति थियो।

